# श्वेतभैरवी



विश्वेश्वर प्र. कोल्हटकर

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# श्वेतभैरवी

विश्वेश्वरप्रसाद कोइराला

**प्रकाशक** : साझा प्रकाशन
**संस्करण** : पहिलो, २०३९ (चेतना साहित्य प्रकाशन)
दोस्रो, २०५०
तेस्रो, २०५४
चौथो, २०५७
पाँचौं, २०६४ (सा. प्र. बाट चौथो पटक ५१०० प्रति)
**आवरणकला** : टेकवीर मुखिया
**मूल्य** : रु. २८।-
**मुद्रक** : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६
**ISBN: 978-99933-2-660-1**

# प्रकाशकीय

बहुआयामिक व्यक्तित्वका धनी विश्वेश्वरप्रसाद कोइरालाको नेपाली साहित्यजगत्मा शीर्षस्थान छ । विशिष्ट राजनेता भएर पनि साहित्य-साधनामा उत्तिकै योगदान पुऱ्याउन सक्नु श्री कोइरालाको विशेषता रहेको छ ।

नेपाली साहित्यमा विशेषतः कथा र उपन्यासद्वारा मनोविश्लेषण-यौनमनोविश्लेषण-परम्परा विकसित पार्नमा श्री कोइरालाको महत्त्वपूर्ण योगदन रहेको छ ।

साहित्यलाई राजनीतिभन्दा माथि उच्चतम विषय मान्नुहुने श्री कोइरालाको लेखनशैली, भाषिक प्रयोग, वाक्यगठन एवं रचनाशिल्प– समकालीनहरूको तुलनामा धेरै पृथक् छ । 'समाजइच्छाभन्दा व्यक्तिइच्छा ठूलो हो । त्यसकारण व्यक्तिका दमित इच्छा, भावना एवं मनोद्वेगहरूलाई स्वतन्त्र आत्मनिर्णय गर्न दिनुपर्छ ।' साहित्यकार कोइरालाको मूल सन्देश । नेपाली वाङ्मयका चर्चित व्यक्तित्व श्री विश्वेश्वरप्रसाद कोइरालाका कृतिहरूमध्ये 'श्वेतभैरवी' कृतिको आफ्नै महत्त्व छ । मूल्याङ्कन गर्ने काम पाठकहरूको हो । उहाँको प्रस्तुत 'श्वेतभैरवी' कृति प्रकाशन गर्न पाएकोमा साझा प्रकाशन गौरव अनुभव गर्दछ ।

९ भदौ, २०५०

**साझा प्रकाशन**

# प्रथम संस्करणको प्रकाशकीय

नेपाली कथा-साहित्यमा एक विशिष्ट र नितान्त नयाँ मान्यता एवं प्रस्तुतीकरणमा नौलो शैलीप्रणेताको नाउँ हो– विश्वेश्वरप्रसाद कोइराला । उहाँको 'चन्द्रवदन' (वि.सं. १९९१) बाट नै नेपाली कथा-साहित्यको आधुनिक काल प्रारम्भ भएको हो ।

'दोषी चश्मा' मा सङ्कलित सोह्रवटा र त्यसमा नपरेका समेत करिब दुई दर्जनजति कथालेखनपछि राजनीतिक व्यस्ततावश, निकै लामो समयसम्म वी.पी. कोइरालाले टाढा रहनुपर्‍यो, साहित्यिक साधनाबाट । आठ वर्षसम्मको लामो कारावासकाल २०१७-२०२५ सालसम्म उहाँको साहित्यिक चिन्तन र लेखनकाल रह्यो । यस अवधिमा कथा मात्र होइन, आत्मकथा, छ-सातवटा उपन्यास, थुप्रै कविताहरू, केही नाटक र निबन्धहरू पनि लेख्नुभयो उहाँले । उहाँका बाँकी उपन्यासहरू, आत्मकथा तथा अन्य समग्र कृतिहरू हरसम्भव शीघ्र प्रकाशित गर्नेतिर हामी प्रयत्नशील छौं ।

स्वर्गीय विश्वेश्वरबाबूले त्यही कारावासकालमा लेखेका कथाहरूमध्ये चारवटाको सङ्कलन यो पुस्तिका हो ।

## क्रम


| | | |
|---|---|---|
| ☐ सान्नानी | : | १ |
| ☐ राइटरबाजे | : | १७ |
| ☐ एक रात | : | २८ |
| ☐ श्वेतभैरवी | : | ३९ |

# सान्नानी

सृष्टिमा सबभन्दा असहाय प्राणी त्यो कृशकाय पीतवर्ण बालक हो जो एक्कासि शहरबाट चुँडिएर कुनै गाउँमा रोपिन आइपुग्छ । शहरमा जन्मेर शहरकै वातावरणमा त्यो हुर्किन्छ, तर एक दिन त्यो आफूलाई मध्यदेहातको एउटा क्षुद्र गाउँमा पाउँछ । निरीह भएर दुब्लो निर्वर्ण अनुहारमा चम्किने केवल दुई चक्षुले यो देहातको विराट् संसारलाई हेर्छ । स्थानको कत्रो फैलाव नीलो आकाशको कत्रो विस्तीर्णता । मन टुहुरो हुन्छ, घबडाहटले आमाकहाँ टाँस्सिन पुग्छ, त्यो भयभीत बालक ।

जे भए पनि शहरमा चारैतिर आधारका वस्तुहरू थिए; पर्खालहरू भित्तैभित्ता र अल्गा-अल्गा घरहरू । यहाँको यो ह्वाङ्ग खुला विराटतामा जसमा आधारका लागि केही कुरा पाइँदैन- दृष्टिसम्म कहीं अड्किन पाउँदैन, हराइएला जस्तो भय हुन्छ । शहरका सडकमा, जसका दुवैपट्टि पर्खाल र महलजस्ता घरहरू छन्, निर्दिष्टता छ, त्यसमा कोही हराउन सक्तैन, सोझो बाटो छ त्यो, जसमा अघि-पछि केवल दुई दिशातिर मात्र आउन-जान सकिन्छ । यो गाउँमा खोइ कहाँ छ सडक, यहाँ त आमालाई छाडचो कि यो महाशून्यमा कहीं लोप होइएला भन्ने डर । यहाँको वायु पनि त्यस्तै निर्गन्ध, काशीको हावामा नाना किसिमका गन्ध लादिया हुन्थे, नाला-पनालाको गन्ध, चिसो गल्ली र घामले तातेको अटालिकाको, मिठाईको, ग्वालाहरूले ठूल्ठूलो कराहीमा तताइराखेको दूधको, गङ्गाजीपारिको बालुवाको गन्धले भरिएको विचित्र आत्मीयताको न्यानो लिएर बग्ने बनारसको हावा यहाँ छैन । यहाँको निर्गन्ध वायु मानौं कुनै शून्यबाट निस्केर यो गाउँको

शून्य हुँदै अर्को कुनै शून्यमा बिलाउन बगिरहेको शून्य । यो वायुलाई जति ताने पनि फोक्सो नभरिने । फेरि गाउँको कत्रो प्रशान्त नीरवता । कुनै शब्द कहीं छैन । यदि आमाले बोलेको नसुनेको भए यो ध्वनिहीन लोकमा त्यसै प्राणान्त हुने थियो । कानमा केही शब्द पर्दैन; भित्री कानले मात्र छोडेर आएको बनारसको गल्लीको ध्वनि सुनिरहेको छ । खोमचावालाले चाट बेच्दै हिंडेको, पुरानो शीशी, बोतल किन्ने मानिसको लेग्रो तनाइ, माग्नेहरूको आर्तनाद, पानवाला, मिठाईवाला, सियो, धागो, सिन्दूर बेच्ने बाक्सावाला, हींग र मेवा किन्छौं कि भन्दै हिंड्ने काबुलीवालाहरूका विभिन्न तीव्रता र सुरका पुकारहरूको सम्मिलित ध्वनि, त्यसैले हृदयको कानमा एउटा मीठो वर्षा गराइरहेको छ । यो गाउँमा गन्ध छैन, ध्वनि शब्दहीन नीरवलोक हो यो, जहाँ मानौं जीवनको चहलपहल एकदम थामिन गएको छ ।

आमा भन्नुहुन्छ– हट्न, के टाँस्सिरहेको ? जा बाहिर गएर खेल् ।

कहाँ बाहिर ? यहाँ बाहिर, भित्र भन्ने छुट्टिएका दुई तत्त्व छन् र ? यहाँ त सबै कुरा बाहिरै बाहिर छ– उदाङ्ग । तिमीसँग छुटियो कि गन्ध, शब्दहीन महाशून्यमा म निस्सासिन थाल्छु । नपठाऊ मलाई तिम्रो सामीप्यको आधारबाट बाहिर– म एकदम हराउँछु यो पथविहीन निर्जनतामा ।

बनारसमा म जन्में, त्यहीं हुर्के । कालचक्र हाम्रो परिवारका लागि विशेष द्रुतगतिले चक्का खान्छ । काशीको अन्नजलको हामीले धेरै सञ्चय गरेका रहेनछौं । म पाँच-सात वर्षको हुँदानहुँदै काशी विश्वनाथले हाम्रो आश्रय खोसे । हामी टेढी दीपनगर भन्ने गाउँमा गयौं । अब यहाँ आएकै दिन आमा भन्नुहुन्छ– के टाँस्सिरहेको छ; जा, बाहिर गएर खेल् ।

हो, आमालाई धेरै काम छ, मालमत्ताको राखनधरन गर्नु छ, उहाँलाई फुर्सत छैन । तर मेरो व्याकुलता कसले बुझिदेवस् । यो फुस्सामा म केवल तीनवटै कुरा त पाउँछु– माथिको नीलो स्वच्छ आकाश, मेरो गोडामुनिको पृथ्वी र आमाको पिठ्यूँ, जसलाई वास्तविकताको बोध पाउन म बारम्बार हातले छोइरहन्छु र बीचबीचमा जसमा व्यथित हृदयले टाँस्सिन पुग्छु । नीलो आकाशको त कुरै भएन, त्यो त यति उचा छ, त्यो यति विस्तृत छ र यति समान रूपले नीलो कि यो देहातको विराट् शून्यताको स्वयं एउटा हिस्सा भएर मेरो कलिलो हृदयलाई कुनै सान्त्वना दिदैन । पृथ्वी भने गोडामुनि ठोस छ, जसमाथि म दृढतापूर्वक उभिएको छु । यो पनि त यहाँ अन्त्य नहुने गरी चारैतिर फैलिएको छ; र यसको आकृतिमा कुनै पनि परिचयको सानो झल्को पनि पाइँदैन, जुन झल्कोमा आमाको आग्रह मानेर म बाहिर जाने साहस सञ्चय गर्न सकूँ । पृथ्वी सबैकी आमा होलिन्, तर त्यस दिन ती वृद्धाले मलाई मायाको इशारा गरिनन्; स्नेह स्निग्ध दृष्टिले सम्म यसो मलाई हेरिनन् । त्यसो हुनाले, चारैतिरबाट हरेस खाएर म आमाको पिठ्यूँमा टाँस्सिइरहें । आमाले खाँडीको छिटको चोलो लाउनुभएको थियो जसको कालो-रातो रङ्गका बुट्टा धुँदा-धुँदा खुइलिसकेका थिए,

केवल बुट्टाका अस्पष्ट रेखाहरू मोटो खाँडीमा बाँकी बचेका थिए, तर त्यसमा कति आफ्नोपना, कति विश्वास र भरको टुकुटी लिएर मेरा लागि बसिरहेका थिए ती उड्न लागेका राता-काला बुट्टाहरू। मेरो एक्लो हृदयको सारा विकलतामा ती स्नेहका धूमिल रेखा अङ्ग मायामय भएर गए; म भरिएँ र पुनः आमाको पिठ्यूँलाई अङ्गमाल गर्न पुगें।

आमाले फर्केर मलाई फ्कार्नुभो। पुनः अपरिचित दुनियाँमा फ्याँकिएँ। आमा मालसामान थन्क्याउँदै हुनुहुन्छ। मेरो मन काशी पुगी पुगी रहन्छ। काशीको मुख्य कुरा हो, त्यहाँका ढुङ्गा, पत्थर जो यहाँ आएर मेरो बालक मनमा तीक्ष्ण अनुभवको रूपमा बारम्बार प्रकट भैरहेका छन्– ढुङ्गाका घर, ढुङ्गाका सडक, ढुङ्गाका घाटहरू, त्यहाँको जीवनको चारैतिरका दृढ स्थिर प्रस्तर आधार-ढुङ्गा। यहाँ गाउँमा केवल छ– खुकुलो माटो, जो सानो हावाको झोंकामा पनि फुकिन्छ र जताततै छापछापती भएर झर्छ। काशीमा माटोलाई घेरेर राखेको छ, दुई-तीन पुष्पबाटिकाहरूमा र केही सौखिन नागरिकहरूको घरमा सजाइएर लाममा राखिएका गमलाहरूमा। काशीको कम्पनी बगैंचा जसलाई चारैतिर फलामको बारले घेरेर राखेको छ त्यो बगैंचा विभिन्न वृक्ष, बिरुवा र फूलले सजेको, सानो पुष्पबाटिका कति मनोहर थियो। रूखहरू एक किनारामा- अमलतास, मौलश्री, शिरीष, काइयो...... फूलका रूखहरू-रुचिपूर्ण ढङ्गबाट लगाइएका छन्। बीच-बीचमा फूलका क्यारीहरू छन्, विभिन्न आकारका– मंडलाकार, त्रिकोण, बहुकोण, सूर्य-चन्द्र नक्षत्राकार– छन्, ती क्यारीहरू, जसमा अनेकानेक रङ्गका फूलका बिरुवाहरू सजाइएका छन्, सानो हावामा पनि चञ्चल भएर शिर हल्लाउन थाल्छन् मानौं उत्साहको लहर तिनीहरूमा फैलिन पुगेको छ। गाढा हरियो दूबो पनि ठूला-ठूला क्यारीमा उमारिया छन् जसउपर गोडा राख्दा मन हरियो हुन्छ, त्यसै पुलकित हुन्छ शरीर। कम्पनी बगैंचामा म बिहान-बेलुका जान्थें र एउटा शिल्पीको हातको यो रचनाको मोहनी आँखामा राखेर घर फर्किन्थें। यो देहातमा बारम्बार सम्झना हुन्छ, कम्पनी बगैंचाको। यहाँ पनि रूख छन्, फूल, पात, लता, गुल्मी पनि चारैतिर उम्रिएका छन्। दूबो पनि छ, तर खोइ, त्यो कम्पनीको बगैंचाको संयम यिनीहरूमा ? खोइ, त्यो सुसंस्कृत, सुव्यवस्थित रचना यिनीहरूको ? चारैतिर अनायास उम्रिएका छन्, वृक्षहरू घाम-पानीमा आफ्नै शक्तिबाट उठेर आकाशतिर टाउको उठाइरहेका छन्, एकदम असंस्कृत, रूखो उद्धृत ढङ्गबाट। यिनीहरूमा सुकुमारताको पूरा अभाव छ; मानौं, यिनीहरूमा अरू कुरा केही छैन केवल जुनसुकै अवस्थामा पनि बाँच्ने र हुर्किने क्षमता मात्र छ। यहाँको दूबोमा यो गाढा चिल्लो हरितिमा छैन, खस्रो, खैरो, शुष्क हरियोपन मात्र छ। येनकेन प्रकारले चारैतिर उम्रेका छन् अव्यवस्थित किसिमबाट; भूप्रान्त कुनै छैन जसमा यो हरियो जाला नफैलिएको होस्। निर्ममतासँगं पृथ्वीलाई यसले आबद्ध गरेको छ, त्यसमा गोडा राख्यो भने दुम्सीको काँडा उम्रेको जस्तो अङ्गअङ्गका तीक्ष्ण अङ्कुरले बर्बरताको

परिचय दिन्छन् । तृण, तरु, लता, गुल्मी साराका सारा बर्बर, असंयम बाढमा हुर्केका छन् । जाऊँ कहाँ आमा, जाऊँ कहाँ ?

ठीक त्यही समयमा हस्याङहुसुङ गर्दै धूलोले भरिएको आँधीको एउटा झोंका घरभित्र हुरिंएर पस्यो– त्यस प्रान्तको बर्बरताकी अधिष्ठात्री । एउटी मेरै उमेरकी केटी ।

केटी ?

अस्निग्धता, रूक्षता र शुष्कताकी प्रतिमूर्ति, बर्बर धूलि-धूसरित त्यस शरीरले वास्तवमा रमणी कुलमा नै जन्म लिएको थियो । रूखा, साना-साना ऊर्ध्व-केश चौंरी गाईको चमरजस्तो कडा र खस्रो थियो जसको टुप्पो सुकेको परालको जस्तो धूमिल पीतवर्णको थियो । सर्वाङ्ग नग्न, केवल कम्मरमा गाँठो पारेर अड्काएको एउटा कौपीन वस्त्रले येनकेन लज्जाको रक्षा गरिरहेको थियो । शरीरमा धमिलो पानी, हावा र घामको माध्यमले सुकेको हुनाले शरीरभरि धूलो र पानीको रेखाचिन्ह स्पष्ट देखिन्थे । आँखा साना-साना, नाकको पोरा सेख बाक्लो, तर डाँडी केही थिचिएको, साँगुरो ललाट; हातगोडा रूखा भए तापनि नराम्रा होइनन् । शरीरको वर्ण छुट्ट्याउन गाह्रो, ताम्र, गहुँ र कालो वर्णको सम्मिश्रणबाट बनेको अनिश्चित वर्ण जसलाई देहातको सूर्य र माटोले झन् अस्पष्ट धूमिल पारेको । आमाको पिठ्यूँको आडमा उभिएर मैले उसलाई हेरिरहें । हत्केलाले मुख र नाकलाई पुछ्दै स्वाँ...... स्वाँ गर्दै उसले भनी– म पछवरिया (पश्चिमपट्टिको) धारमा नुहाइरहेकी थिएँ । सानो आमा आउनुहुन्छ भनेर मैले चट्ट बिर्सिएछु । भैंसवार ठिटो पछवरिया धारमा भैंसीलाई नुहाउन गएको थियो, हामी दुवैले दुईचोटि कोशीको धारलाई पार गऱ्यौं । भैंसवार ठिटो...... ।

आमाले मबाट फुर्सत पाउन मलाई भन्नुभो– ल जा, साथी पाइस् खेल्न जा । ल नानी यसलाई गाउँ घुमाएर ल्याऊ ।

उसको दुर्दमनीयतामा लज्जा र सङ्कोचले कुनै ठाउँ पाएको थिएन । दृढतासँग हात समातेर सङ्कोच र लज्जाले भूमिसात् हुन लागेको कलिलो शहरू बालकलाई एउटी हावा-पानीमा स्वच्छन्द रूपबाट हुर्केकी ग्राम-बालिकाले तानेर बाहिर लगी । बाहिर त्यो देहातको विस्तृत जगत्मा, अबाध गतिले बगिरहेको हावाको त्यो मुलुकमा जहाँ सूर्य अविरल रूपले चारैतिर प्रकाश ओइरिरहेका छन्, जहाँ नीलो अनवच्छन्न आकाश अनन्तलाई ढाकेर अडेको छ, त्यो महाशून्यमा– मेरो हातलाई डोऱ्याएर उसले मलाई लगी । म हिचकिचाउँदै, भयले कातर हुँदै, लज्जा र सङ्कोचले गल्दै त्यो अनजान समुद्रमा मानौं उसको जिम्मामा आफूलाई अर्पण गरेर यात्रामा निस्कें । नाउ उसैको जिम्मामा छ ।

बाहिर आएर उसले मलाई सोधी- तिम्रो नाउँ......? मैले आफ्नो नाउँ बताएँ ।

तिम्रो नि...... ? मसिनो शहरू स्वरमा मैले सोधें । पूर्णकण्ठले उसले उत्तर दी– नाउँ– मलाई सान्नानी भन्छन् । नाउँ त अर्कै छ, यो बोलाउने नाउँ

हो । तिमीले मलाई सान्नानी भनेर बोलाए हुन्छ ।...... तिम्रो यो नाउँ बोलाउने हो कि न्वारनको हो ?

के जवाब दिऊँ ? मेरो त एउटा मात्रै नाउँ छ । शहरमा मलाई यो कुरा कसैले बताएनन् कि मानिसको बोलाउने र न्वारनका भिन्न-भिन्न नाउँ हुन्छन् ।

मैले भनें– मेरो त एउटा मात्र नाउँ छ । मलाई लाज पनि लाग्यो, केवल एउटा नाउँको अधिकारी भएकोले ।

उसले भनी– होइन, तिमीलाई थाहा होइन होला । न्वारनको नाउँ आमासँग सोध्नू ।

अनि सान्नानीले मलाई गाउँ घुमाउन लगी ।

कहाँ जाने पैले ? ......ल, पूर्वरिया धार जाऊँ ।

सहस्रधारा कोशीको एउटा ठूलो भङ्गालो गाउँको पूर्वपट्टि थियो, त्यही हो, पूर्वरिया धार ।

अहिले नदी मन्दगतिले बगिरहेको छ । सूर्यको किरण त्यसमा पर्दा टाढाबाट तपक लाएर टल्केकी कुनै तन्वी नारीजस्ती थी जो अलिक बंकिम भङ्गी (मुद्रा) मा पूर्वपट्टि मुहडा गरेर बालुवाको राशिउपर कोल्टे पल्टेकी थिई । हाम्रो गाउँ त्यो बंकिम आकारको पृष्ठ भागमा कम्मरपट्टि स्थित थियो ।

त्यहाँ पुगेर किनारामा बालुवाको एउटा ढिस्कोमाथि उभिएर उसले भनी– यसलाई चिलौनी धार पनि भनिन्छ । हाम्रो गाउँको पूर्वपट्टिको सिमाना पनि यही नदी हो । योभन्दा पारि दिवानगन्ज इलाका पर्छ । त्यो काइथेहरूको गाउँ हो । हाम्रो गाउँको दिवानजकिो घर पनि त्यहीं छ । यो ठूलो रूख पाकडको रूख हो । यो इलाकामा यत्रो ठूलो पाकड कहीं पनि छैन । यसमा एउटा वायु निवास गर्छ, त्यसो हुनाले गाउँलेहरू मनौती मान्दै यसमा फलामका कीलाहरू गाड्छन् । योभन्दा अलिक दक्खिनपट्टि मशान छ । पाकडको वायुको नजिकै मशान भएकोले मध्यराति र मध्यदिनमा यहाँ आउनु हुँदैन । अस्ति हाम्रै गाउँकी मुनरियालाई वायु चढेको थियो । एक्लै आइछ यतापट्टि । मेरो दाइ पनि ढुक्कुरको शिकारमा यता आउनुभएको रहेछ, अनि पो, मुनरिया बाँच्न पाई । दाँती लागिसकेको थियो ।

एकैदिनमा कति थोक मैले सिकें, यो गाउँमा आएर । नाककोरेको साग, कोशीले छाडेर गएको ठाउँमा जमेको पाँक र त्यहाँको दलदल जसमा फुलकाहीका बाबूसाहेबहरूको हात्ती भास्सिएर मरेको, अमरलत्ती जसको जरो, पात, हाँगाबिगा हुँदैन, जो रूख र झ्याङहरूमा त्यसै पहेंलो धागोको जालोजस्तो भएर फैलिन्छ; साहोडको झ्याङ जसबाट राम्रा-राम्रा दतिउन काटिन्छन्, बकाइनो जो नीमको रूख होइन, पटेर र झाडका जङ्गल जो कोशीको दुवै किनारामा छन्, जसमा बँदेलका दलका दल आहारा खोज्दै हिंड्छन्, बँदेलको एकोहोरो स्वभाव जो सोझोमात्र दौडिन सक्छ, कोशी नदी पनि सोझै तर्छ र जो क्रोधमा आयो भने आँखा देख्दैन र जसदेखि ठूला-ठूला बाघ पनि डराउँछन्; इत्यादि इत्यादि ।

यद्यपि सान्नानीले वायुहरूका कुरा, दलदलको प्राण हर्ने भास, बँदेलको नृशंसताका अनेकानेक कथा मलाई सुनाई । शहरबाट् सञ्चित गरेर ल्याएको कातर हृदयको भय उसको सङ्गतमा बिस्तार-बिस्तार लोप हुन लागेको जस्तो भयो । कोशी नदीको पश्चिम किनारमा उभिएर त्यहाँको दृश्यलाई हेर्दा रमाइलो लाग्यो । बालुवामा गोडा राख्दा न्यानो अनुभव हुन्थ्यो र गोडा अलिक भासिन्थ्यो जसले कुतकुती लागेको जस्तो हुन्थ्यो । कहीं बालुवा चिसो छ जहाँ टेक्दा पानी रसाउन थाल्छ । नदीको पानी निर्मल छ, प्रवाह मत्थर छ । पारिपट्टि बाँसका हरिया भ्याङहरू छन् जसको फ्याकबाट फुसका घरहरू देखिन्छन् । उत्तरपट्टि पनि बाँसका जङ्गल छन्, त्यहाँ पनि गाउँका परालका छानाहरू अलि-अलि देखिन्छन् । अलिक टाढा पूर्वपट्टि सुकेका रूखहरूको जङ्गल धमिलो देखिन्छ । हामीहरू उभिया ठाउँनिर नदी यसो बाङ्गिएर पूर्वतिर लागेको छ ।

सान्नानीले भनी– "ल अब फर्कौं । यस्तै धार पश्चिमपट्टि पनि छ– पछवरिया धार । त्यो धारमा धेरै किसिमका माछा पाइन्छन्– रोहु, बुहारी, कतला, काँटी, सिंगी, मुंगरी, बामी । यो धारमा माछा पाइँदैन । पछवरियामा ठाउँ-ठाउँमा पैनी बनेको छ । अर्को दिन जाउँला त्यता...।"

चिलौनी धारबाट घर फर्किंदा मडरको पोखरी हेर्न गयौं । पोखरी सानो थियो । पानी पनि उति सफा थिएन; सडकनिरको दक्खिनपट्टिको घाटको पानीमा भ्याउ र लेउ लागेको थिएन; त्यहाँ आएर गाउँलेहरू भाँडा मल्ने, नुहाउने गर्थे । भ्याउ, काई, लेउ र पानीका लहराहरूले घेरिएर उभिएको थियो, पोखरीको मध्यमा एउटा कालो अग्राखको काठ, जसको माथिपट्टिको हिस्सामा ठाउँ-ठाउँमा चिरा परेका थिए ।

त्यो काठको खामो– जाट हो । पोखरी खनेपछि पूजा गरेर त्यो खामोलाई मध्यजलमा गाड्नुपर्छ । यसले गाउँलाई तडका (बिजली) को डर हुँदैन– सान्नानीले मलाई बताई ।

पोखरीको उत्तरपट्टिको डिलमा पहेंलो चम्पाको रूख थियो जसमा पहेंला फूल फुलेका थिए । हामी त्यहाँ गयौं । उसले फूल टिपेर मलाई दी । आफूले दुइटा फूल कानमा घुसारी; पूर्वपट्टिको डिलमा कदमको सानो रूख थियो । अहिले फूल त्यसमा लागेको थिएन; कुहिएका, सुकेका फलहरू भुइँमा छरिएका थिए जसमाथि भुसुनाहरू भुं-भुं गर्दै उड्दै-बस्दै गरिरहेका थिए । पश्चिमपट्टि एउटा ठूलो धूपीको रूख थियो । सान्नानीले त्यसको खोटो नङले कोट्याएर मलाई सुँघाई । मीठो गन्ध ।

घर फर्किंदा– लुगामा धूलो, हिलो, कानमा कनेलको सेतो, पहेंलो फूल, हातमा झाडका पातला सिरकना र अमरबेलीको पहेंलो लहरा; मनमा उत्साह र शरीरमा तीव्र थकान लिएर आयौं ।

राति सुत्ने कोठामा धेरै बेरसम्म सान्नानी पनि थिई ।

गाउँमा मेरो पहिलो दिन यसप्रकार सिद्धियो । अर्को दिन, त्यसपछि झन्

अर्को गर्दागर्दै दिन बित्न थाले । प्रारम्भमा ग्रामीण जीवनको बाटोमा तै-तै गरेर पाइलो चाल्ने प्रयत्न गर्दा सान्नानीको सहारा नभई हुँदैनथ्यो; पछि-पछि स्वयं आफू नै एउटा शुद्ध ग्रामीण ठिटोमा परिणत भैसकेर पनि सान्नानी नभई मलाई हुँदैनथ्यो । पहिले जो आमाजस्ती भएर मेरो औंलालाई सहारा दिँदै गाउँका आवश्यक वस्तुहरूलाई चिह्नाउँदै हिंड्थी, त्यो पछि-पछि सहचरी भएर गई ।

त्यसका हातबाट मैले सिक्ने कुरा पनि निकै थिए । भोलिपल्टैको कुरा लिऊँ, उठ्नेबित्तिकै चिप्राले भरिएको आँखालाई मिच्दै म उसलाई पर्खिरहें । खाजा खानासाथ मलाई लिएर ग्राम दर्शनमा ऊ हिंडी । त्यस दिनको यात्रामा स्मरणीय कुरा थिए– गोसाईंस्थान, नजरियाको पसल, पछवरिया धार; बतहिया चमाइन जो बोक्सी थी र जसको घर गाउँभन्दा छुट्टै दक्खिनपट्टि थियो ।

गोसाईंस्थान एउटा बाबाजीको अखडा थियो । त्यो जोगीले हाम्रो गाउँको ठिक्क पश्चिम सडकभन्दा दक्खिनको एउटा सानो पोखरीको पूर्वी डिलमा चारवटा फुसका साना-साना चिट्ट परेका घर बनाएको थियो । त्यही हो बाबाजीको अखडा; ती चार फुसका घरमध्ये एउटामा केही देवमूर्तिहरू पनि थिए, त्यही हो– गोसाईंस्थान । अखडाको द्वारमै एउटा ठूलो बाँसमा सेतो ध्वजा गाडेको थियो; त्यहींनिर तुलसीको बोट उमारेको एउटा माटोको सानो चौतारो थियो । तुलसीको मठलाई सफासँग लिपेर स्वच्छ बनाएको थियो । त्यसैसँग टाँस्सिएको एउटा सानो बगैंचामा आँप, अम्बा, शरीफा, सीताफल, लिच्ची, नरिवल, सुपारीहरूका रूख थिए । गुलाब, चमेली, बेली, सयपत्री, मखमलीहरूका बिरुवा पनि लगाइएका थिए । सुन्दर थलो थियो त्यो, गोसाईंस्थान ।

सान्नानीलाई मैले आदर-स्नेह गर्ने कुनै बाटो पाइनँ, केवल बनारसदेखि बचाएर राखेको एक आना पैसा मेरो खल्तीमा थियो । मैले भोलिपल्ट त्यही दिएर उसका प्रति आफ्नो आदर र कृतज्ञता ज्ञापन गर्न चाहें ।

उसले भनी– नजरियाको दुकानमा जाऊँ ।

हामीहरू कुद्‌दै पुग्यौं नजरियाकहाँ । सान्नानीले बाटैमा मलाई सचेत ग़रेकी थिई, नजरिया मुसलमान हो, जसकी दुलही गाउँ-गाउँमा काँचका चुरा बेची-बेची हिंड्छे । नजरियाको एउटा सानो छाप्रो मात्र थियो । बनारसको पसल यहाँ कहाँ ? मिश्री, छोहोरा, नरिवलका टुक्रा, राता, हरिया र काला रङ्गका मोटा-मोटा चुराहरू मात्र थिए त्यसको पसलमा । एउटा सानो ढक्कीमा तीन किसिमका चुराहरूलाई अलग्ग डोरीले बाँधेर र अरू सामानहरूलाई एउटा नाङ्लोमा दुई-तीन थुप्रो पारेर राखेको थियो । हामीहरूले छोहोरा, मिश्री र नरिवल किन्यौं ।

पछवरिया धारमा नुहायौं, एकछिन पौडयौं । एउटा साधारण कुरा; तर कोशीको त्यो अनजान खोलामा त्यसै पस्नु मेरा लागि साधारण कुरा थिएन, तर मलाई सान्नानीमाथि यति भरोसा थियो कि नदीको डर मलाई लागेन । साँच्चै भनौं भने उससँग पछवरिया धारमा नुहाउन र पौडिन मलाई ठूलो रहर लागेर

आयो । पानीमा झ्वाम्म हामफालेर दुवै हात किनारमा उभिएको मतिर बढाएर सान्नानीले भनी– आऊ ।

उसको कौपीन वस्त्र दिनभरिमा कतिचोटि भिज्थ्यो र शरीरमै कतिचोटि सुक्थ्यो । म यो बाक्लो धोती पहिरेको के गरी पानीमा ओर्लूं ? तैपनि म पनि धोती लाएकै पानीमा पस्न थालें ।

के गरेको ? धोती फेरि सुक्छ कसरी ? फुकाल, फुकाल । सान्नानीले पानीबाट कराई ।

पहिले त मलाई अप्ठचारो लाग्यो, तर पानीमा नुहाउने र सान्नानीलाई आफूले गङ्गाजीमा सिकेको पौडाइको कला देखाउने इच्छा बलवती भयो । मैले धोतीलाई फ्याँकेर हतारिएर नदीमा हामफालें । लज्जाको अवधि यसरी छोटचाउनुपर्ने मलाई आवश्यकता थिएन– सान्नानीको ध्यान मेरो निर्वस्त्रावस्थापट्टि पटक्कै थिएन । निर्वस्त्रता गाउँका केटाकेटीहरूको एउटा सहज लक्षण हो । म त्यस दिन सान्नानीसँग नदीमा पानीमा खेल्ने लालसाले गाउँका केटाकेटीहरूका दिगम्बरी सम्प्रदायको सदस्य हुन पुगें । बिस्तार-बिस्तार नितान्त व्यावहारिकताले स्याहार्न नसकेको धोतीको सट्टा ग्रामोपयोगी लँगौटी या कौपीन वस्त्र धारण गर्न थालें । दिगम्बर भएर कम्मरमा एउटा सानो धरो बेरेर समानरूपले वस्त्रखण्ड वेष्टिता सान्नानीसँग दिन-दिनभरि बगैंचामा, खेतमा, नदीमा रमाइलो गर्न थालें । गाउँको सूर्य र त्यहाँको माटोले मलाई, मेरो शहरू बानगीलाई पूर्णतया निखारेर एउटा शुद्ध ग्रामीण केटोमा परिणत गर्न धेरै दिन लगाएनन् । सान्नानीको सहवास र उदाहरणले बाँकी रहेको मेरो ग्रामीणताको शिक्षा सम्पूर्ण गऱ्यो ।

पछवरिया धारबाट नुहाएर फर्किंदा हठात् सान्नानीको धेरै नजिकै भइसकेको छु भन्ने भावना मेरो मनमा आयो । यसले आनन्दको अनुभव मलाई भयो । नजरियाको पसलबाट कृपणतासँग सञ्चय गरेको मेरो सर्वस्व खर्च गरेर किनेको मिश्री र नरिवललाई बाँडेर खाँदा मलाई अपूर्व सन्तोष भयो । मलाई लाग्यो कि कुनै त्यस्तो वस्तु दुनियाँमा छैन जसको उपभोगमा सान्नानीलाई म सम्मिलित नगराऊँ; कुनै त्यत्रो ऐश्वर्य छैन जसलाई उसका लागि म खर्च गर्न नसकूँ । यदि सान्नानीले मलाई आफ्नो रच्छेमा राखेकी छ भने म पनि उसका लागि सर्वस्व अर्पित गर्न तयार छु सदासर्वदा । बालकहृदय भावावेशमा आएर विश्वको सारा सम्पत्तिलाई बारम्बार त्यो रूक्षकेशी ग्रामीण बालिकाको माटोले मुछिएको गोडामा न्यौछावरमाथि न्यौछावर गर्न थाल्यो । झन् निर्वस्त्र भएर पानीमा विनोद गरेपछि नदीबाट बाहिर आउँदा-नआउँदै ममा उसका प्रति अभिन्नताको भाव जागृत भयो । मेरो जीवनको प्रभातमा भेट्टिएको मेरो प्रथम मित्र– मेरो अभिन्न सखा ।

मित्र ? अभिन्न सखा ? एउटा बालिका-जतिसुकै ग्रामीण भए पनि– बालिका नै हो । बालकहृदयको मित्र– प्रेयसी होइन ? धत् होइन ।

यो त म निश्चित रूपबाट पूरा विश्वासका साथ भन्न सक्छु कि ममा न त त्यो उमेर नै थियो न सान्नानीमा त्यो स्त्रीयोचित गुण नै कि हाम्रो हृदयमा

कहिले पनि नर-नारीको भावना उठ्न पावस् । कुन्नि उसले ममा के पाउँथी, मैले भने उसमा एउटा सहारा र मित्रताको आधार पाएँ ।

पछि एक-दुईवटा त्यस्ता कुरा घट्न आए, धेरै पछि– जो अवसर पाएर परिपक्व हुन पाएका भए, भन्न सकिन्न– परिणाम के हुन्थ्यो । मनुष्यसम्बन्धमा ठूल्ठूला परिणति क्षुद्रातिक्षुद्र कारणबाट अङ्कुरित हुन्छन् । समय पाएपछि अहिलेको त्यो क्षुद्र अङ्कुर कहाँबाट कहाँ जरो हाल्दै चारैतिर ढाक्तै हिंड्छ– कस-कसलाई त्यसले आफ्नो दृढ बन्धनमा अँठ्याउँछ । तर ती घटनाहरूको अहिले विवेचना गर्ने प्रयोजन के रह्यो र ! समय अवसर तिनीहरूले पाए नै कहाँ ? घटना घटे; तर त्यसै सेलाएर गए । आखिर सान्नानीको बिहा भयो, उनी आफ्नो ससुराली गइन्, म पनि पुनः शिक्षार्थी भएर बनारस आएँ ।

अहिले त म पछवरिया धारमा नुहाएर मग्न भएर हृदयमा एउटा नयाँ सुनौलो भावलाई खेलाउँदै सान्नानीसँग घरतिर फर्किरहेको छु । बाटामा इमलीको ठूलो रूखमा झटारो हानेर पाकेको इमली खसाल्छौं । त्यसमा टाँस्सिएको धूलोलाई तिघ्रामा पुछेर बडो स्वादका साथ खान थाल्छौं ।

"ए रे छौंडा, ए गे छौंडी !" सान्नानीले सिकाई केटालाई बोलाउँदा– ए रे छौंडा र केटीलाई बोलाउँदा– ए गे छौंडी भन्नु रे । भैंसवार गोठाला बालकबालिकाहरू इमलीको बोटमुनि बसेर इमलीको गेडाले गुच्चा लेखिरहेका थिए । तिनीहरूलाई सम्बोधन गर्दै भनेकी थिई सान्नानीले– गे छौंडी, रे छौंडा ।

यसप्रकार दिनप्रतिदिनका साना-साना कुराको वर्णन गरेर साध्य छैन; दुई व्यक्तिको सम्बन्धले तन्काएर बाटिएको ठूलो-मोटो, बलियो डोरीको प्रत्येक धागोलाई झिक्दै त्यसलाई सूक्ष्म ढङ्गले केलाउनु सम्भव हुँदैन; देहातको माटोमा त्यहाँको घाम-पानी, मल-जलमा मैले शनैः शनैः हालेका जराका असङ्ख्य रेखाको लेखाजोखा पनि अहिले सम्भव छैन । आकाशलाई झिलिमिली पार्ने असङ्ख्य तारासमूहलाई गनेर कहाँ निर्वाह हुन्छ र ? म यहाँ केवल मोटामोटी कुराहरूको वर्णन मात्र गर्न चाहन्छु । ती कुराहरूमा कुनै विशेष रोचकता छ भनेर होइन; ती अत्यन्त सामान्य घटनाहरू हुन् ।

एक दिन हामीहरू गाउँको दक्खिनतिर गयौं, जहाँ हामी पुगेको भोलिपल्टै सान्नानीले बोक्सी-बतहिया डाइनको टाढैबाट घर देखाएकी थिई । यतापट्टि हामी आएका थिएनौं; बतहिया डाइन, त्यसको ढाडे बिरालो र कालो थुतुनो भएको खैरो कुकुरले यो क्षेत्र हाम्रा लागि वर्जित पारिराखेको थियो । हाम्रो बारीको दक्षिण-पश्चिमतिरको कलमी आँपको बगैंचामा चोरेर काँचो आँप खाँदाखाँदै हामी बिर्सेर कहिले हो कुन्नि डाइनको घरनिर पुगेछौं । गर्मीको याम थियो । एउटा खैरो कुकुर, कालो थुतुनोबाट आफ्नो लामो जिब्रो बाहिर झिकेर स्वाँस्वाँ गर्दै हामीतिर आइरहेको थियो । बतहियाको कुकुर मध्यदिनमा मशानको हाड चबाएर आइरहेछ । छाप्रोको छानोमा एउटा मोटो टाउको भएको बिरालो देखापऱ्यो- बतहिया राति त्यसैमा चढेर निस्किन्छे र गाउँका असावधान व्यक्तिहरूको,

सुतेको मौका पाएर रगत चुस्छे। तिघ्राको मेटिन लागेको एउटा नीलो डाम देखाएर सान्नानीले मलाई भनी– हेर, हिजो राति मलाई बोक्सीले चुसेको।

मैले भनें– सान्नानी।

उसको हात अँठ्याएर समातें। हामी बतहिया चमाइनको छाप्रो, उसको कालो थुतुने कुकुर र बिरालोलाई धेरै टाढा राखेर पछवरिया धारतिर लाग्यौं। धारमा पुग्नुभन्दा पहिले एउटा अग्लो ठाउँमा एउटा ठूलो अजङको सिमल वृक्ष थियो– अत्यन्त अग्लो जसको टाउकोमा हावा एउटा अनौठो ध्वनि गरेर बग्थ्यो। निर्जन स्थान; काँस र खरको सानो जङ्गलमा एक्लो उभिएको, बाक्लो बोक्रामा मोटा-मोटा काँडैकाँडा भएको आकाश छुने सिमलको रूख। माथि टुप्पानिर हाँगाबिंगा फाट्टिएका छन् जसमा एक-दुई सुक्न लागेका पात र भद्दा किसिमका राता-राता फूल हावामा हल्लिरहेका छन्। त्यसबाट हावाले झिकेको शब्द सुन्दा त्यसै भयले आङ सिरिङ्ग हुने।

सान्नानीले भनी– यसमा एउटा भयङ्कर प्रेत बस्छ। यहाँ पनि बीच-बीचमा बाटो बिराएका राही र असावधान गाउँलेहरूलाई प्रेतले ङ्याक्छ। अस्ति थाहा पाएनौ, मुनरियालाई ङ्याकेको थियो, मेरो दाइ भाग्यले यता शिकार खेल्न आउनुभएको थियो कि त्यो बाँची।

नभन्दै त्यो भयोत्पादक स्थल थियो। एक्लो निर्जन ठाउँ; हावा एकनाससँग बगिरहेछ। टाढा पछवरिया धारको पानी सूर्यको प्रकाशमा अवास्तविकताको वातावरण बनाउँदै टल्किरहेको छ, किनारका सेता बालुवाका राशि सूर्यको तापले धू धू गरेर बलिरहेछन्। सिमलको फेदमुनि गाई-भैंसीका हाडहरू छरिएका छन्। एउटा गिद्ध माथिको हाँगामा बसेको छ, जो बीच-बीचमा आफ्नो बाक्लो पखेंटा झार्छ, श्मशानमा कुनै-कुनै अघोरीले आफ्नो कालो कम्बल झार्‍या झैं। पश्चिमतिरबाट बगेको तातो हावाले जीउ सुकाइरहेछ, तैपनि आङ सिरिङ्ग हुन्छ।

मैले भनें– सान्नानी।

उसको हात अब कहिल्यै पनि नछाडुँलाजस्तो गरेर अँठ्याएँ। टाढा कुप्री बतहिया बूढी दाउरा बटुल्दै यतैपट्टि आइरहेको मैले देखें। भनें– सान्नानी, घर फर्कौं।

त्यो दिन बडो भयको दिन थियो मेरा लागि। आज पनि मुनरियालाई दाँती लागेछ, घरमा कसैले त्यसको फिक्री लिएनन्, केवल सान्नानीको दाइ उसको ओखतीमूलो गर्नमा व्यस्त देखिनुहुन्छ। मलाई बडो डर लागेर आयो। मैले भनें– सान्नानी, आज मसँगै सुत।

हाय, बालकको निर्बाध विश्वासको हृदय ! के यत्रो विराट् विश्वमा जहाँ भूत-प्रेत र वायुको प्रकोप चारैतिर व्याप्त छ, सान्नानीको एउटा सानो हात समातेर त्यसबाट बाँच्न सक्छौं ? सान्नानी मेरो बिछ्यौनामा आएर सुती; दिनभरिको तर्साउने कथाहरू मस्तिष्कमा बिस्तार-बिस्तार बिलाएर जान थाले।

सान्नानीको देहाती सूर्यले न्यानो पारेको देहबाट निस्केको गन्ध प्रशान्त सागरमा बग्ने मन्द वायुजस्तो लाग्यो जसमा हलुको नून र टाढाको कुनै द्वीपको माटो र बालुवाको उष्णताले भरिएको जीवन्त सौरभ रहन्छ। बिस्तार-बिस्तार मेरा आँखा साना-साना हुँदै गए, मस्तिष्कका यावत् चित्रहरू सुदूर क्षितिजमा बिलाएर गएको सन्ध्याको रक्तिम बादलजस्तो बिलाउन थाले। कोठाभन्दा बाहिरका शब्दहरू आपसमा नछुट्टिएर एउटा ध्वनिको पातलो सङ्गीत स्पन्दनजस्तो सुनिन लाग्यो जो क्रमसँगै झन् झन् पातलो हुँदै गइरहेछ। मेरै बिछ्यौनामा सुतेकी एउटी ग्रामबालिकाको पातला औंलालाई मैले आफ्नो मुट्ठीमा समातेको छु– त्यसको शरीरबाट आएको न्यानो र गन्धले मलाई अलौकिक सुख र विश्रामको बोध गराइरहेको छ। म अर्कै अर्कै लोकमा गइरहेछु– मधुरो सङ्गीत, नूनिलो गन्ध, माटोको उष्णता, बालिकाको साना औंला– कता, कता...म भुसुक्क निदाएछु।

यसरी धेरै दिन बिते– वर्षमाथि वर्ष थपिए। नजानिदा नजानिदै मेरो जीवनभित्र यो देहातले सुन्दरता र मनोरमताको ठूलो भव्य चित्र अङ्कित गरिरहेको रहेछ। त्यहाँको घाम, पानी, माटोले आमाको स्तनधारबाट आएको जीवनीरसजस्तै मेरो सम्पूर्ण जीवनलाई शारीरिक स्वास्थ्य र हृदयको नैसर्गिक आनन्दले परिपूर्ण गरिरहेको थियो। वर्षा ऋतुमा जब हाम्रो सम्पूर्ण भूखण्ड जलनिमग्न रहन्थ्यो, त्यो ढलपल गरेको पृथ्वी जसउपर आकाशबाट प्रलयको गर्जन गर्दै मेघधार फुटेर बर्सिन थाल्थ्यो– जब एउटा भङ्कर तरलता र सरसताले हाम्रो जीवन आकुल पार्थ्यो, हामी नग्नदेही जलकिन्नरी शिशुज़स्ता तमाम दिन नाउमा भिजी भिजी हिड्थ्यौं।

कोशीमा बाढी आउन आँट्यो भन्ने सूचना हामी गाउँवासीलाई सबभन्दा पहिले दिन्थ्यौं। चिलौनी धारमा खेल्न गएको बेला त्यहाँ पानीमा खेल्दाखेल्दै नदीमा टान आएको, तनाव आएको हामीलाई त्यसै अनुभव हुन्थ्यो। अरू कुराहरू सधैंको जस्तो साधारण निर्दोष अवस्थामा नै छ। केवल नदीमा एक किसिमको टान-तनाव-आउँछ, मानौं कुनै विकराल दानवी हातले यसो जल रज्जुलाई उत्तरपट्टिबाट तान्न लागेको छ, नदी तनक्क हुन्छ, तानिन्छ। एक छिनपछि घाँस-पात बगेर आउँछ। हामीहरू दौडँदै गाउँतिर आउँछौं। नदीमा टान आयो। लेलहाकी छोरी फगुनीलाई बाटामा भेट्छौं– हे गे फगुनी !– कोशीमा टान आयो। उसको घर एउटा भङ्गालोको किनारमा छ। ऊ भन्छे मलाई थाहा थियो आज टान आउँछ; हिजो बेलुकीदेखि विराट् राजाको तोप सुनिरहेकी छु। अनि फूर्तिसँग बाबुलाई यो खबर सुनाउन घरभित्र पस्छे।

हे, गे, जमुनिया ! हे, रे, किसना ! हे, गे सुवासिया ! हे, रे, गोपाल ! नदीमा टान आयो-टान- !

गाउँमा हल्लीखल्ली हुन्छ। हामीहरू कोशीको यो संवादका वाहकहरू आँगनमा खेल्न थाल्छौं, राजाको जस्तो छाती फुलाएर-कोशीमा बाढी आयो-चल गे चल।

भोलिपल्ट हाम्रा आंखा अर्को विश्वमा उघ्रिन्छन् । कोशी प्लावित विश्वमा । कत्रो चपलता, कत्रो आतुरी कोशी नदीलाई; कत्रो उद्विग्नता उसको तूफानको मदमत्त गतिमा-रातभरिमा सारा दुनियाँलाई उसले ढाकिसकेकी छ । पानी हा हा, गर्दै आकुल गतिले दक्षिणतिर धाइरहेछ । घाँस-पात, ढलेका रूख, मुढा सवेग भीइरहेका छन्– पानीका साथ-साथ दक्षिणतिर ।

हामीहरू लग्गी लिंदै साना डोंगीमा यताउति चहारिरहन्छौं । पानीमा रुभ्छौं; पौडी खेल्छौं; र कहिले-कहिले कुनै ओतमा बसेर कागतका नाउ बनाउँदै कोशीमा बगाउन थाल्छौं । यात्रा प्रारम्भ गर्दानगर्दै भुंवरीमा पर्छन्, भास्सिन्छन्, डुब्छन्– ती हाम्रा कागतका नाउ । एकछिन चुप्प लागेर यो विराट् जलदृश्यलाई हेर्छौं– चारैतिर वेगवान जल; कहीं बगैंचाहरू, कहीं गाउँका फुसका घरहरू, कहीं-कहीं बाँसका भ्याङहरू विराट् प्लावनतामाथि टाउको उठाएका देखिन्छन् । त्यो विशाल पाकडको रूख अहिले चिलौनीको मध्य धारमा दृढतासँग उभिएको छ, पछवरिया धारमा सिमलको त्यो अल्गो रूख त्यस्तै दृढतासँग खडा छ । हामी हेरिरहेका छौं– जलनिमग्न विश्वको अनन्त विराटता र त्यसमा हामीले बगाई-बगाई रहेका कागजका पत्रतरणी जो अथाह जलराशिमा भास्सिई-भास्सिई रहन्छन् ।

वर्षाभन्दा पहिलेको ग्रीष्म ऋतुको आतपको बहार अर्कै किसिमको । पृथ्वी धू धू गरेर बलिरहेको छ । हामीहरू नग्नदेही-गाउँका छौंडा र छौंडी त्यस आतपमा भौंतारिएर हिंडिरहन्छौं । कसले आमा- बाबुहरूको कुरा सुनिरहन्छ । त्यस इलाकामा कुनै नदी या जलराशि थिएन जसमा हामीहरूले सूर्यको प्रखरतामा जलक्रीडा नगरेका हौं । काँचो आँप, इमली खाएर दिनभरि घाममा नुहाएर आँखा राता-राता पार्दै हामीहरू बेलुकीपख घर फर्किन्थ्यौं- शरीरमा थकान, पीडा र जलन लिएर । कहिले अचानक म ज्वरोले पीडित हुन्थें । सान्नानी दिनभरि मेरो नजिकै बसिरहन्थी र मेरो ज्वरोले टन्केको कन्चटमा आफ्नो शीतल हात राखिदिन्थी ।

तिनै गर्मीका ताका आँप पाक्न थाल्थे । मचान बनाएर हामीहरू बगैंचाको रखवाली गर्थ्यौं । मचानमा उत्तानो परेर सन्नानीसँग पल्टिएर नाना किसिमका कुरा गर्थ्यौं । कुनै रूखबाट पाकेको आँप झर्थ्यो । हामी मचानबाट हामफालेर कुद्दै जान्थ्यौं ।

सान्नानी भन्थी– यो तिम्रो भाग खाऊ ।

म भन्थें– चिमी खाऊ, तिम्रो भाग ।

होइन, अर्को खसेको आँप मेरो भाग, यो तिम्रो ।

यो विवादमा मैले कहिले पनि जित्न सकिनँ । यति दिनपछि यो कुरा सम्झिंदा म भन्छु– हाय, किन त्यस दिन आफ्नो सम्पूर्ण पौरुष झिकेर सान्नानीलाई मैले परास्त गरिनँ । हाय, किन त्यस वर्षको पाकेको पहेंलो आँप मैले उसलाई खुवाइनँ ? जीवन के यस्तै पराजयहरूको पिरामिड हो ? जसको शिखरमा म आज उभिएर अनुतापको उष्ण श्वास बारम्बार हृदयहीन आकाशतिर फ्याँकिरहको

छ ? के उसको जीवन नि ? विजयको भ्रममा के उसको जीवन धावित भइरहेको छ त अनवरत ? म भन्न सक्तिनँ । म त जहिले पनि पराजित भइरहेँ । राम्रो राम्रो आँप मैले नै खानुपर्थ्यो, दाग लागेका बिग्रेका आँप ऊ आफू खान्थी । दाग लागेको आँपलाई देखाएर ऊ भन्थी -यो कोइलीले चुसेको ।

मधुरकण्ठी अदृश्य गायिका पन्छी- कोइलीले आफ्नो चुम्बन दिएर दाग पारेको फल ।

फागुन र चैतका कुरा म आज सम्झिन चाहन्नँ । गाउँभरिका वृक्ष, लता, तृण कलिला, हरिया भएर चञ्चल हुन्थे । उनहिरू नयाँ टल्किने पालुवा हाल्थे । आँपमा मञ्जरी लाग्न थाल्यो । सारा वातावरण मर-मर गरेर उठ्थ्यो । फूल र मञ्जरीको गन्धले बोझिल भएको मलयानिल अलस गतिले सबै ग्रामवासीलाई छोई-छोई हिँड्थ्यो ।

एक दिनको कुराको मलाई सम्झना हुन्छ । जाडोका समाप्तिका दिन थिए । धान काटिसकेको थियो । धमाधम खलियान-खलियानमा दाउनी हुँदै थियो । भूस उडाउने काम पनि चलिरहेको थियो । बतासमा अन्न र भूसको विभिन्न किसिमको गन्ध छाएको थियो । धान काटिएका खेतमा खेसरीका हरिया, नीला झाङ उम्रिएर पहेँलो र नीलो बुट्टा बनाइरहेका थिए । ठाउँ-ठाउँमा आलसका फिक्का नीला रङ्गका फूल फुलिरहेका थिए । आँपका बगैंचामा रूखहरू ताम्रवर्णका मञ्जरीले ढकमक्क ढाकिएका थिए जसबाट तीखो गन्ध फैलिएर वातावरण व्याप्त थियो । भंवरा र नानाथरीका मौरीहरूका गुञ्जनले तमाम प्रान्त झङ्कृत थियो । जामुनको कुनै झ्याप्प परेको हाँगामा नदेखिने गरी कोइली हठात् कू हू गर्न थाल्थी र एक छिनसम्म तीव्रतर स्वरमा तीक्ष्ण वेदना पोखेको झैं गरेर आफ्नै भावावेगलाई थाम्न नसकेर फेरि हठात् चुप्प हुन्थी ।

सान्नानी र म खलियानमा गएर दाउनीमा जोरिएका गोरुहरूको पुच्छर निमोठ्दै दाउनी गर्न थाल्यौं; एक छिनपछि उडाउने काममा लाग्यौं । अनि अतहड तरङ्गमा आएर बयर खोज्दै गोसाईंको पोखरीनिरको बयरको झ्याङमा पुग्यौं । अपरान्हको अवसर छ । फागुनको महिना । बयर टिप्दै खाँदै हामीहरू मग्न थियौं । एउटा ढुक्कुरको जोडा तर्सिएर उड्यो ।

सान्नानीले भनी– भाले-पोथी– बिचरा ।

के सान्नानी ? काँडाले कोरेको तिघ्रालाई कन्याउँदै मैले सोधेँ ।

ढुक्कुरको जोडा, भाले-पोथी ।

के सान्नानी ?

एउटा घाँस उखेलेर सान्नानीले चिरेर मलाई देखाई– त्यो घाँस कहिले भाले भएर चिरिन्थ्यो, कहिले पोथी ।

मैले सोधेँ– के सान्नानी ?

उसले भनी– तिमी भाले म पोथी ।

के सान्नानी ?

सान्नानीले भनी– ल आऊ, भित्र भ्याङमा हिंड म बताउँछु।

के सान्नानी ?

भाले-पोथीको रहस्य– जीवनको आदिकालमा विश्वरचनाको प्रथम फागुन मासको प्रथम दिवसमा रचिएको बारम्बार नूतन-पुरातन भइरहने रहस्य, बिचरी सान्नानीले मलाई कसरी बताउन सक्थी। काँडैकाँडाले घेरिएको त्यो भ्याङमुनि क्षतविक्षत शरीरलाई केही कुप्र्याएर सान्नानीले आफ्नो कम्मरमा गाँठो पारेर लगाएको लज्जाको वस्त्रखण्ड यसो सारी र भनी– म पोथी।

म अवाक् भएर हेरिरहैं।

बयरको भ्याङबाट हामीहरू निस्क्यौं। बयरको तीखो काँडाले कोरेर सारा शरीर टट्टाइरहेको थियो। सान्नानीले भनी– मानव दुई जातिमा विभाज्य छ– पुरुष र नारी। बाबु, दाजु, भाइ, पति, छोरा, काका, भतिजाहरू एक जातिका– आमा, दिदी, बैनी, पत्नी, छोरीहरू अर्को जातिका।

मैले निर्वाक् भएर यो गम्भीर सत्यलाई पहिलोपल्ट अनुभव गरिरहें। मेरो कण्ठमा बोली थिएन।

हामीहरूको सामुन्ने गोसाईंस्थान थियो। सान्नानीले भनी– हिंड, गोसाईंजीको दर्शन गरौं।

म नबोली हिंडिरहैं। मन्दिरको अगाडि घुँडा टेकेर करबद्ध भएर सान्नानीले आँखा चिम्ली। मलाई पनि त्यसै गर्न भनी। मैले पनि त्यसै गरें। तर मेरो ध्यान सान्नानीपट्टि थियो। उसको रूक्ष केश, चिम्लेको आँखा, नग्न देह। उसको मुखमा हलुका चिल्लोपन मैले देखें, गालाका मध्यमा गुलाफी रङ्ग, बाक्लो ओठ स्निग्ध, छाती पुष्ट जसमा स्तनाङ्कुरको तीक्ष्ण आभास। कम्मर पातलो, नाभि गहिरो, तिघ्रा र पिंडुलाले केही गोलाइ धारण गर्न लागेको। बाबाजीसँग पर्साद मागेर हामी घर फर्क्यौं।

एउटा साधारण घटनाले– जीवनको अत्यन्त क्षुद्र अनुभवले एउटा स्वाभाविक ढङ्गबाट सुदृढ भएको मानव सम्बन्धलाई कत्रो झट्का दिन्छ, त्यस दिन मैले थाहा पाएँ। त्यस दिनदेखि त्यसै एउटा पार्थक्यको अनुभव मलाई हुन थाल्यो, सान्नानीसँग। के साँच्चै नर-नारी दुई जातिका प्राणी हुन् ? जुन भेदलाई नबुझेर नै बालक-बालिकाहरू अभिन्न भएर हुर्किन्छन्; तर त्यो विभेदको ज्ञान हुनेबित्तिकै लज्जा र सङ्कोचको दुर्लङ्घ्य व्यवधान वारिपारि एक दिन हठात् तिनीहरू आफूलाई पाउँछन्।

तिनताका आँपको बगैंचालाई कुर्दा सान्नानीले मलाई मुनरियाको कुरा बताई जो एक दिन गाउँबाट बेपत्ता भई। त्यसै दिनदेखि सान्नानीको दाइको पनि पत्तो लागेन। नानाथरीका कुरा भए, यी दुई जना यसरी बेपत्ता भएको देख्ता। धेरैले अडकल लाए। सान्नानीले बताई– ती दुवै मिलेर भागेर गए। मचानमा माथि फर्किएर पल्टी-पल्टी म गमिरहें– किन भागे ! सान्नानी पनि सँगै टाँस्सिएर लेटेकी छ र मुनरियाको कुरा भनिरहेकी छ।

पाकेको आँपको गन्धले बगैंचा भरिया छ । प्रकृति पाकेको आँपजस्तो भरिया छ, परिपूर्ण ।

त्यसै बखतमा सान्नानीको आमा आएर रिसाउन लाग्नुभयो– सान्नानी, यत्री लाठे भइसकी, हेर यसको बेहोरा । चोलो किन नलाएकी ? एक्लै यसरी हिंड्ने हो... घरमा बसिरहनु भनेको होइन...?

सान्नानीलाई एक-दुई लपटा हान्दै, तान्दै वहाँले लिएर जानुभयो । सान्नानीले मलाई भरखरै भनेकी थी– चोलो मलाई लाउनै मन लाग्दैन । कोठामा एक्लै बसिरहन पनि मन नलागेर आएकी ।

अहिले पो थाहा पाएँ आज किन सान्नानी, बिहानै मकहाँ आइन । भात खाएर म यहाँ मचानमा आएर कति बेरसम्म उसलाई पर्खेर बसिरहें । धेरै बेरपछि मात्र ऊ कुद्दै आई र भनी– चोलो म लाउन्नँ ।

त्यहीं बस्दाबस्दै हामीहरूको भेटघाट पनि कम्ती हुन थाल्यो । चोलो र धोती लाएकी सान्नानी मबाट टाढा टाढा हुन थाली । म भने उही नग्न देह लिएर कहिले चिलौनी, कहिले पछवरिया धार जान्थें । एक्लै मचानमा बसेर सान्नानीको कुरा सम्झन्थें । चोलो र धोती लगाएकी सान्नानीको कुरा होइन । फूलकाही मेलाबाट राति नाटक हेरेर फर्किंदा हातमा हात हालेर नाटकको कुनै गानालाई गाउँदै मसँग आइरहेकी कम्मरमा केवल एउटा सानो टालो मात्र बाँधेकी सान्नानीलाई सम्झिन्छु; जाडोको रात्रिमा घूरको अगाडि बसेर शीतबाट बच्नका लागि कपाल, कान र छातीलाई गांतीले राम्ररी बेरेर ओरहा, पोलेको आलु खाइरहेकी सान्नानीलाई; गाउँका जङ्गली फलको खोजीमा चाहारी हिंड्ने– बडहर, बेल, बयर, शरीफा, इमली-सान्नानी; जसले मलाई यी फलहरूको सञ्चयको जुक्ति बताएकी थी– रूख चढेर हाँगा लच्काएर टिप्न, झटारो हानेर ।

उसको बिहाको कुरा चल्यो । झन् ऊ टाढा भई । रङ्गाएको धोती र चोलो लाएको म उसलाई देख्थें । ऊ आमाहरूसँग बसेर पात गाँस्थी भान्छामुनि बसेर । अगेनामा दूध उमाल्थी, दही जमाउँथी, भण्डारको राखनधरन पनि गर्थी । मेरो व्रतबन्ध भयो । अब मेरो पनि काशी जाने कुरा चल्यो । म पनि उहीं पढ्ने रे । उसको ससुराली र मेरो काशी । सयकडौं कोसको पार्थक्य; पृथ्वीको एउटा कुनामा त्यो, अर्को कुनामा म ।

तीस वर्षपछि, एउटा युग बितेपछि मैले सुनें कि सान्नानी विराटनगर आएकी छ रे, दुलाहा र छोरा-छोरीका साथ ।

म गाउँलाई छाडेर काशी पढ्न जाँदा उसको बिहाको तरखर भइरहेको थियो । उसको बिहाको लागि म बस्न सक्दिनथें; विद्यालय खुलिसकेको थियो । म बिदा हुन उसको घरमा गएँ । त्यहाँ कसैलाई फुरसत थिएन । भान्साघरको पछिल्तिरको बगैंचामा हाम्रो भेट भयो । मैले भनें– म बिदा हुन आएको ।

उसले ठूला-ठूला आँखाले मलाई हेरिरही । मलाई लाग्यो, उसका आँखा सरस हुँदै आउन थाले; बुट्टे चोलो लगाएकी थिई उसले; कपाल कोरेकी थी ।

नबोलेर केवल निर्निमेष दृष्टि ममाथि गाडिरही । म पनि त्यसै रसाउन आँटेजस्तो भएँ । वाणी मेरो पनि थामियो । हामीहरूले त्यसै एकछिन हेराहेर मात्र गऱ्यौं ।

अनि म फर्किन थालें । उसले भनेको सुनें– मलाई नबिर्सिनू ।

यो तीस वर्षसम्म उसको गहभरिको आदेशलाई नबिर्सिएर बसिरहेको छु । आज सुनें कि त्यो आएकी छ । एकछिन पनि नथामिएर म उसकहाँ पुगें ।

खोइ सान्नली ?

एउटा कोठामा एउटा अर्धवयस्क पुरुष छ, जो टीनको ठूलो बाकसबाट मालमत्ता झिक्नमा व्यस्त छ । त्यहींनिर उभिएकी एउटी पूर्णवयस्का नारी; गाढा नीलो रङ्गको धोती लगाएकी र त्यस्तै रङ्गको चोलो, जसको माथिल्लो तुना उघारेर एउटा काखको बालकलाई स्तनपान गराइरहेकी छ । केटाकेटी उसको गोडानिर बसेर दूध-चिउरा खाइरहेका छन् । झींगा भन्किरहेका छन् ।

खोइ सान्नानी ?

सान्नानी !– मैले भनें ।

त्यो नीलवस्त्रा नारीले अनुत्साहको दृष्टिले मलाई हेरी; दूध पिइरहेको बालकले मुन्टो बटारेर एकचोटि मतिर हेऱ्यो र फेरि स्तनपान गर्न थाल्यो । गोडानिरका बालकहरू आपसमा झगडा गर्दै, दूध-चिउरा पोख्दै खाइरहेका छन् । पुरुषले थामिएर मलाई हेऱ्यो ।

मैले भनें– सान्नानी ।

को...

ए... चिनेर पनि जीवनको बोझले दबेकी, शिथिल भएकी नारीले केवल एउटा अनुत्साहको दृष्टि ममाथि फ्याँकी ।

तीस वर्षदेखि जोगाएर हृदयमा स्थापित गरेर राखेकी मेरी सान्नानीलाई यत्रो लामो जीवन-यात्रा तय गरेकी प्रौढामा मैले पाइनँ ।

कोठाभन्दा बाहिर आएर म एकछिन उभिएँ । र हातलाई जीवनका स्मृतिहरूको गहन अरण्यभित्र पसाएर तीस वर्षपहिलेकी सान्नानीलाई समात्न खोजें । मेरो खाली हात फुस्सालाई समातेर आकाशतिर उठेको थियो ।

सुन्दरीजल बन्दीगृह,
१२.११.२०१८

# राइटरबाजे

मानवसमाजबाट यति टाढा पृथ्वीको एउटा कुनामा बसेर म आफ्नो शरीरलाई यसो निहार्छु । अब यसमा, यसका रेशा-रेशामा– महारोगका कीटाणु स्याउँ-स्याउँ गर्दै रङमगिरहेका छन् । यो डुँडो खोरण्डो शरीर पटपट फुट्दैछ । कतिसम्म टलपल गरिरहेको पीप, पापको घडा फुटेको जस्तै ठाउँ-ठाउँबाट बगिरहेको छ । दृष्टि पनि क्षीण हुँदै आएको छ । शायद यो शरीरको अन्तिम दिन पनि हो– यो शरीरको आरक्षण जसलाई मैले एकान्त मनले राइटरबाजेलाई अर्पिएर पनि उनको एकलौटी हुन सकिनँ । धेरैको उपभोगमा यसले अविराम किसिमले आफूलाई विमुक्त गरिरह्यो ।

पाप-पुण्यको लेखाजोखा मैले गर्न जानिनँ । जसले शायद यसको वास्तविक कुरो मलाई बताउन सक्थे, तिनी अब छैनन् । राइटरबाजेलाई यही हातले– जो आज डुँडो छ– धेरै पहिले सेलाइसकेको छ । हे भगवान्...तर भगवान् पनि त मेरो विश्वास र अविश्वासको द्विधामा केही झलक्क भएझैं केही देखिया झैं– लाग्ने हो कि होइन कि भनेजस्तो कुनै पदार्थ-अपदार्थका बीचको केही कुरा मात्र आज मेरा लागि छ । राइटरबाजेको विश्वासको तर्फबाट म आज पुकार गर्छु– हे भगवान् ! राइटरबाजे भन्नुहुन्थ्यो– ईश्वर छन् र भन्नुहुन्थ्यो– पाप-पुण्य पनि छ, किनभने ईश्वर छ ।

आज जब मेरा पिलपिलाउँदा आँखा सामुन्नेको यो विराटतामाथि धमिलिँदै परिरहेका छन्, तब मलाई अहिलेको निर्भाव बिदाइको क्षणमा केवल दुई अनुभवले व्याप्त गरेको छ– राइटरबाजेको प्रेम र गलित कुष्ठको असाध्य रोग । यही

शरीरले यी दुवै कुरा अनुभव गऱ्यो । अन्तिम क्षणमा किन एकाग्रतासँग ईश्वरलाई सम्झिन खोज्दा केवल राइटरबाजे र कुष्ठको अनुभव मात्र मलाई हुन्छ !

के मेरो ईश्वरको पूर्ति ममा यी दुवै वस्तुको माध्यमबाट भएको छ ? मेरो सम्पूर्ण जीवनको अनुभवको केन्द्र– मैले आर्जन गर्न सकेको सार्थकता यही दुई कुरा हो । नत्र राइटरबाजे र कुष्ठ मेरो जीवनबाट झिकिएमा जुन नग्न रिक्तताका सामु म पहिलो दिन मातृगर्भबाट पृथ्वीमा अवतीर्ण भएँ त्यही रिक्तताका साथ म आज पृथ्वीबाट फर्किरहेको छु । जीवनमा के पाइस् तैंले– कसैले मसँग प्रश्न गऱ्यो भने मैले भन्नुपर्छ– प्रेम र कुष्ठ ।

ईश्वरलाई पाइनस् ?

जीवनको अनुभवको सम्पूर्णता नै यदि ईश्वरलाई पाउनु हो भने प्रेम र कुष्ठमा उसलाई पाएको भन्न सक्छु ।

पाप-पुण्य ?

प्रेम र कुष्ठलाई कुनै अर्को संज्ञा दिने हो भने अर्को नाउँबाट– मेरो सञ्चित अनुभव प्रेम र कुष्ठलाई सम्बोधन गर्न सक्छु ।

नत्र राइटरबाजेको प्रेम र कुष्ठ रोगको पीडालाई बाद गरेदेखिन्, जस्तो निर्दोष भएर म जन्में उस्तै निर्दोष भएर आज म मर्न लगिरहेको छु ।

काठमाडौंको गल्लीमा थाङ्नु लाएर माग्दै हिंडिरहेकी एउटी भोटिनी बालिकालाई तीन नम्बर पहाडबाट जागीर खान शहरमा आएका राइटरबाजेले एक दिन अड्डाबाट फर्किंदा दया गरेर आश्रय दिंदै आफ्नो घरमा नल्याएको भए शायद त्यसले प्रेम नै पाउने थी, न कुष्ठ रोग नै । अरूको अनुभवले जे भनोस् मेरो अनुभवले त यही बताउँछ कि कुनै ठूलो कुरो नदिएर अर्को ठूलो-ठूलो कुरा पाइँदैन । त्यसै पाइँदैन । त्यसका लागि मूल्य चुकाउन तयार हुनुपर्छ । त्यसैले होला कुष्ठलाई प्रेम उपलब्ध हुने थिएन ? थिएन शायद । या थियो कि ? जीवनको यो सानो अवधिमा सत्यको एकचोटि मात्र प्रयोग सम्भव हुन्छ ? एउटा जीवन– एउटा विशिष्ट अनुभव-शृङ्खला-र एउटा त्यसको विशिष्ट सत्यानुभूति । अरूहरूको जीवनको सत्य मेरा लागि असङ्गत छ; बिलकुल निरर्थक । अरूहरूको जीवनमा यदि प्रेम र पीडा सँगसँगै गएन भने के भो त मलाई । मेरा लागि त प्रेम र कोढ जम्ल्याहा भएर सँगसँगै आए ।

बाटामा राइटरबाजेले सोधे– किन मागेको ?

मैले भनें– भोक लागेर ।

त्यस बेलुका म राइटरबाजेकहाँ आएँ । र बिस्तार-बिस्तार उनको गृहस्थीको एउटा अङ्ग हुन पुगें ।

मायाका कुरा गर्ने हो भने उनले नै पहिले यसको सूत्रपात गरे । मुखले त केही भनेनन्; तर व्यवहारमा उनबाट मायाबाहेक मैले केही पाइनँ ।

शहरको गल्लीबाट टिपिएर राइटरको घरमा स्थापित हुन पुग्दा मलाई अचम्म लाग्यो; तर निमुखा ब्राह्मणले मेरो खाने-पिउने, लुगाफाटा र अरू

साना-साना सुविधाका कुरामा ध्यान दिएको देख्दा म सहजै उनीसँग हेलमेल गर्न थालें। म चौध वर्षकी हुँदी हुँ। दरिद्रताले सिकुडिएको मेरो शरीर फाटेको थाङ्नामा उमेरभन्दा धेरै सानो लाग्थ्यो। फेरि मैले कद पनि ठूलो कहाँ पाएँ र? पछि बिस्तार-बिस्तार शरीरले भोजन पाएर फक्रिन थाल्यो। र राइटरबाजेसँगको सहवासले बुद्धि र मन पनि शरीरसँगसँगै हुर्किन थाल्यो। दुब्ला, पातला, खपटे राइटरबाजे जहाँका तहीं नै रहिरहे; म भने बढ्दै गएँ। अन्त्यमा यो अवस्था भयो, उनको गृहस्थीको सम्पूर्ण भारलाई आफ्नो काँधमा स्वाभाविक ढङ्गबाट लिएर उनीसँग केही कडाइको व्यवहार गर्दै म भन्न थालें– यो एक कचौरा दूध खानैपर्छ; राइटरबाजे! नत्र जीउ कसरी लाग्छ? उनी नबोली मेरो हातबाट कचौरा लिएर दूध पिउँथे। म उभिएर हेरिरहन्थें।

पुरुष के सबै त्यस्तै हुन्छन्? अबोध निरीह अन्जान? जसलाई एउटी नारीको आड आवश्यक पर्छ? जसलाई खाने-लाउने ठेगाना हुँदैन? जो पहिलो मौकामा नै सहजसँग आफूलाई एउटी नारीको जिम्मामा सुम्पिएर निर्धक्क हुन्छ? के नारीको स्वाभाविक धर्म पनि एउटा पुरुषको हेरविचारमा आफूलाई निमग्न पारेर अपार सन्तोषको सास फेर्नु हो? म एउटी ग्रामीण भोटिनी बालिका, आशिक्षित, केही नजान्ने। मैले स्त्री चोला लिएर जन्में; र शरीरधर्मअनुसार हुर्किंदै गएँ। र त्यही प्राकृतिक नियमअनुसार एउटा पुरुषको सहारामा निर्धक्क भएर उसैलाई ममत्वको भरोसा दिंदै, उसको हेरविचार गर्दै उसको निरीहतालाई यथासाध्य निवारण गर्दै उसको सानो जीवनमा पूर्णरूपले स्थापित भएँ। मलाई लाग्न थाल्यो-विचरा, म नभएको भए राइटरबाजेको के गति हुने थियो!

राइटरबाजेले पनि ममाथिको आफ्नो निर्भरताको पूरा प्रमाण दिएर एक दिन भने– ल लेऊ, मेरो यस महीनाको तलब। र बाकसको साँचो पनि। अब तलब आउनेबित्तिकै तिम्रै हातमा राखिदिन्छु।

राइटरबाजेको घरमा बिस्तार-बिस्तार म स्वामिनीजस्ती त भइसकेकी थिएँ, र मेरै खटन त्यहाँ चल्थ्यो; उनमाथि पनि मेरै खटन। तर त्यस दिन साँचोका झुप्पा र रुपियाँ बटुली मेरो हातमा उनले राखिदिंदा मलाई लाग्यो कि हाम्रो पुरुष-नारीको सम्बन्धमा एउटा अविच्छिन्न घनिष्ठता थपियो।

मैले रुपियाँ र साँचो हातमा लिन त लिएँ; तर मेरो मुख त्यसै रातो भयो र लाजले मुन्टो फर्काएँ। उनको वाणीमा पनि एउटा अनौठो, रसाएको घोक्रोपन थियो जब उनले भने– किन लाज मानेकी?

लाजले खप्न नसकेर, भागेर म आफ्नो कोठामा आएँ, हातको बटुआ र साँचोको झुप्पालाई हेरिरहें। मेरो मन त्यसै रमाइलो भएर फुरुक्क-फुरुक्क हुन्थ्यो। हठात् मलाई लाग्यो, मेरो स्वयंवर भएको छ।

आखिर विवाह– अग्निका अगाडिको मन्त्रपाठ या कुनै रूखमुनि भएको माल्यादान-प्रदान, या चूह्लोको तीनवटा पत्थरको पूजा-अर्चना– पुरुष-नारीको आन्तरिक सम्बन्धको प्रकटीकरण मात्र होइन र– एक प्रकारको घोषणा? मुख्य

मुख्य विषय के हो ? पुरुष र नारीको तात्त्विक सम्बन्ध या त्यसको घोषणा ? प्राण या शरीर ?

त्यस दिनको मेरो आनन्द र साथै उद्विग्नताको अन्त्य थिएन । प्राण र शरीर ? मन या कायाका प्रश्नहरूले बारम्बार मलाई उद्वेलित गरिरहे । कायाको सहज स्वभावलाई स्वीकार गरेर मैले मनमा उठी उठी रहने प्रश्नलाई सदाका लागि समाधान गर्दै म तत्काल गएर आफूलाई राइटरबाजेका लागि सम्पूर्ण रूपले अर्पित गर्न सक्थें । मेरो प्रफुल्ल यौवनको स्वाभाविक आदेश पनि त्यही थियो तर शरीरको मागलाई सहज ढङ्गले पूरा गर्न खोज्दा मनमा किन हो किन प्रश्न उठ्थ्यो– शरीरभन्दा अर्को पनि कुनै आधार हुन्छ कि हुँदैन प्रेमको ? कि शरीरको वासनामा मात्र स्थापित भएर रहन्छ हामी मानिसको प्रेम ? तर मेरो सम्बन्धमा प्रेममा शरीरको प्रश्न आज मात्रै एक्कासि उठ्न गयो जब मलाई राइटरबाजेको हातबाट साँचोको झुप्पा लिंदा मलाई मेरो स्वयंवर भएको अनुभव भयो । त्योभन्दा पहिले प्रेम केवल मन र प्राणको स्तरमा सीमित थियो; शारीरिक स्तरमा आउन पाएको थिएन; या कमसेकम मेरो शरीरलाई त्यो प्रेमको सचेतनता थिएन । त्यस दिन शरीरको क्षेत्रमा पनि मेरो प्रेम प्रवेश गरेर ममा एउटा उद्विग्नतापूर्ण निस्तिम आनन्दको वेग उत्पन्न गर्न थाल्यो । जहाँ शरीर र मन एकान्त ढङ्गले जसका लागि अर्पित भइसकेको छ र जब आज गार्हस्थ्य-जीवनको प्रतीक साँचोको झुप्पा पनि मलाई प्राप्त भइसकेको छ भने अनिश्चिततामा उठी उठी रहने प्रश्नहरू किन मेरो मनमा आइरहन्छन् ? मेरो त्यसै दिन स्वयंवर भएको भन्ने गम्भीर अनुभव हुँदाहुँदै पनि पत्नीको आसनमा उक्लिन खोज्दा मलाई द्विविधा भइरह्यो ।

पत्नी भएको दिन मलाई त्यो घरमा पहिलोचोटि प्रवेश गरेको सम्झना भयो । निर्बोध भिखारिनी भोटिनी बालिकाले यहाँ प्रवेश गरेकी थी र त्यही केटीले आज गृहस्वामिनी भएर यस घरको साँचोको झुप्पालाई आफ्नो मुट्ठीमा राखेकी छ । यो के हुन लागिरहेछ ? के यो हुने कुरा हो ? के यसमा अस्वाभाविकता छैन ? अप्रासङ्गिकता ? फेरि ब्राह्मण पुरुष र भोटिनी नारीको वैवाहिक सम्बन्ध सामाजिक दृष्टिमा बेमेल कुरा होइन र ?

हाय ! मेरा पुरुष पनि– मेरा वर– मबाट वर्णित पनि त्यस्तो एउटा निर्धो व्यक्ति छ जसले, मैले आफ्नो उद्विग्नता र छटपटीलाई जसको अगाडि पोखें भने, उत्तरमा केवल आफ्ना ठूला-ठूला विवश आँखा मतिर उठाउने मात्र छ । स्वयंवरको दिनमा तमाम समस्याको मैले स्वयं आफैंले समाधान गर्नुपरेको थियो । फेरि यो समस्या त नारीको मनको समस्या हो; पुरुषको तर्क यहाँ काम लाग्ने थिएन । त्यस दिन मेरो जीवनको सबभन्दा ठूलो निर्णयमा मैले पुग्नु थियो, तर त्यहाँ मेरा त्यस्ता कोही पनि थिएनन् जोसँग म सल्लाह लिन सकूँ । कस्तो विडम्बना कि मेरो स्वयंवर भएको दिन मैले एक्लो हुनुपर्‍यो– पत्नीत्वको प्रथम क्षणमा सबै नारी एकचोटि शायद नितान्त एक्ली हुन्छे । मानव नियति नै यस्तै छ क्यारे कि

जीवनका महान् क्षणमा त्यो एक्लो हुन्छ, त्यसले आफ्नो निर्णय एक्लै गर्नुपर्छ– अरू कसैको सल्लाह त्यसलाई काम लाग्दैन, अरू कसैको जीवनको उदाहरणले त्यसलाई बाटो देखाउँदैन ।

हेलम्बुमै घरगृहस्थी गरेर बसेकी मेरी जेठी दिदी– चारवटा पतिकी पत्नी र तीन सन्तानकी माता, उनले मलाई स्नेहसँग भनेकी थिइन्– बैनी, किन यसरी भौंतारिएकी ? यहीं आइज, म जस्तै बिहे गरेर बस् । मेरा देवरहरू पनि असल छन्, खान-लाउन कमी छैन, कोदो, गहुँ, जौ, फापर, मनग्य हुन्छ... ।

दिदीले मलाई माया गरिन्, स्नेहको हातले मेरो मुख सुमसुम्याइन्, मलाई पीर परेको छ भन्ने पनि बुझिन् तर के पीर, कस्तो पीर, त्यसको कुनै पनि अनुभव उनलाई भएन । उनले मलाई नबुझेर अलमल्लमा परेर भनिन्– बैनी, तँ कस्तरी बदलिछस्, के भो तँलाई, रक्सी-जाँड नखाने रे; यो जाडोमा पनि ननुहाई नहुने रे तँलाई । हामी भोटिनीलाई आफ्नै व्यवहार छ; हामीले बाहुनी हुन खोजेर हुन्छ र ?

म माहिली दिदीकहाँ पनि गएकी थिएँ । मेरी माहिली दिदी– केही मोटी, सधैं जसलाई हाहा, हीही गरिरहनुपर्थ्यो– जो अहिले बौद्धमा एउटा भट्टी थापेर बसेकी छन् । उनले पनि बडो स्नेहसँग भनेकी थिइन्– मसँगै बस्, बैनी ! यो भट्टीमा काम धेरै बढिरहेको छ; ग्राहक पनि थपिंदैछन् । हामी दिदी-बैनी मिलेर रोजगार बढाउँला । म एक्ली– यो एक्लो शरीरले भ्याउन नसक्ने भयो ।

मैले जब उनलाई आफ्नो राइटरबाजेको कुरा भनें, उनले हाँसेर भनिन्– के भएको छ तँलाई ? एउटा बाहुनको तँ कुरा गर्छेस् । यहाँ मसँग बस् भनेको । त्यस्ता राइटरबाजे कति आउँछन् कति । सधैं साटोफेरो गर्न खोजिस् भने पनि पाउँछेस् ।

मैले उठेर भनें– दिदी, अबेर हुन थाल्यो । म जान्छु । दरबारकी मेरी साहिंली दिदीलाई देखेर त म दङ्ग परें । कत्रो ठूलो दरबार, नोकरचाकर, दास-दासीले घेरिएकी, हीरा-जवाहरातले झकमक्क भएको मेरी साहिंली दिदीको निवासस्थान । उनले पनि बडो मायासँग मलाई भनिन्– यहीं आइज, तँ पनि दरबार पस् । हेर्...जाबो एउटा ब्राह्मणको कुरा नगर् । तँ राम्री छस्, यहाँ दरबारमा छिटै आफ्नो ठाउँ बनाउन सक्छेस् । म नै यहाँ पसेको कति भयो र, रानी भएर बसेकी छु । राजकुमार यहाँ थुप्रा छन्...जाबो बाहुन...के भएको छ हँ तँलाई ?

दिदीहरूले मलाई माया गरे र मेरो सहायक हुन चाहे तर मैले उनीहरूको सहायता पाउन सकिनँ– दिन चाहने हात र पाउन खोज्ने हात एक स्थलमा भएनन् । प्रेमसम्बन्धी प्रश्न गर्दा जेठी दिदी आफ्ना चार लोग्नेलाई देखाएर भन्थिन्– कस्तो प्रेम भनेको तेरो ? दुलाहा खोजेर त्योसँग राति सुत्नु, त्यही त हो नि प्रेम भनेको । अरू के खोज्छेस् त्यसमा ? जुन पुरुष पनि एउटै हो– बिहा गरेर व्यवहार चलाउनुपर्छ बुझिस्

माहिली दिदीले पनि भनिन्– एउटा बाहुन राइटर र अर्को खत्री कप्तान या राणा जर्नेल अर्को नेवार सरदार सबै पुरुष एउटै हुन् । उनीहरू यो भट्टीमा पालैसँग आएर मसँग रमाइलो गरेर गएका छन् । साँच्चै क्यै फरक छैन-बैनी, क्यै फरक छैन ।

साहिंली दिदीले पनि यस्तै कुरा गरेकी थिइन्– हाम्रो अरू के छ र ! यो राम्रो शरीर त हो नि ! यसलाई बुद्धिमानी किसिमबाट प्रयोग गर्न सक्नुपर्छ । हेर्न, यही शरीरलाई कसैलाई दिएर, कसैलाई दिनदेखि बचाएर दरबारको सिंढी उक्लिंदै म राजाकी रानीसम्म भएकी छु । शरीरलाई बजाउँदै हिंड्न खोजेकी भए मलाई कसले माथि उकाल्थ्यो ? बुझिस् !

मैले कसैको कुरा बुझ्न सकिनँ । आजसम्म बुझ्न नसकेर अन्तिम क्षणमा पुग्न थालेकी छु । दिदीहरूका कुराबाट यतिमात्र बुझ्या जस्तो लाग्यो, मानिसको महान् निर्णय उसको आफ्नो व्यक्तिगत निर्णय हुन्छ । कसैको उदाहरण या सल्लाह उसलाई काम लाग्दैन ।

राइटरबाजेकहाँ फर्किंदा रात परिसकेको थियो । उनी आफ्नो कोठामा बिछ्यौनामा लेटेका थिए । म कोठाभित्र पसें र भनें– म आएँ ।

मेरो हृदय र शरीरका बीचको द्वन्द्व, मेरा मनका शङ्का-उपशङ्का; दिदीहरूका आग्रह-सल्लाह– मेरा जीवनका यावत् प्रश्नहरू त्यस रात राइटरबाजेको शय्यामा आफूलाई समर्पण गर्दा लोप भएर गए । निश्चिन्तभावले निर्धक्कतासँग मनसा वाचा कर्मणा, पत्नीत्वको मर्यादित स्थानलाई ग्रहण गर्दा मलाई एउटा पूर्णसार्थकताको अनुभव भयो । भोलिपल्ट कोठाबाट निस्किंदा शरीर र मनले सम्पूर्ण पत्नी भएर निस्कें ।

त्यसो त हाम्रो व्यवहारमा बाहिरी केही फरक आएन; पहिले पनि छिमेकका सबैले हामीलाई पुरुष र पत्नीको रूपमा कल्पना गरेर केही कुरा काटेका पनि थिए– राइटरले एउटी राम्री भोटिनीलाई राखेको छ । पतिपत्नी भएर पनि हाम्रो व्यवहार उस्तै थियो । तर म एउटा नूतन मर्यादाले अनुप्राणित भएर एउटा दैवी सुखको बोधले परिव्याप्त भएकी थिएँ । पत्नीका दिन गृहस्थीको कार्यमा सङ्गीतमय भएर सहजै बित्छन् । यथासमयमा हाम्री एउटी छोरी पनि जन्मी । मेरो सुख चरमसीमामा पुगेको थियो । पत्नीत्व र मातृत्वको सुख– प्रिया र माता हुने भाग्य ! मलाई लाग्यो, म देवीदेवताको समकक्षमा छु । अनन्त छ मेरो सुख र सन्तोष । ठूलो भाग्य लिएर म आएकी छु । विपत्तिबाट निर्वाचित भएर आएकी छु– ईश्वरबाट नै रोजिएकी । के त्यस प्रकारको मेरो विचार, मेरो त्यस आनन्दावस्थामा स्वाभाविक थिएन र ? अभिमान र गर्वले फुर्किएकी होइन म । परमानन्द र परम् सन्तोषमा स्वाभाविक रूपबाट आउने विचार होइनन् र यी ? जब म आफ्नी दिदीहरूलाई सम्झिन्थें, मलाई लाग्थ्यो– हाय ! उनीहरू कत्रो महान् सुखबाट वञ्चित भैराखेका छन् ?

तर मेरो सुखलाई शायद भगवान्ले पनि हेर्न सकेनन् । उनका हातका खेलौना रे हामी– के हामीलाई त्यो सुखको चरमसीमामा पुग्ने अधिकार छ जहाँ हामी र ईश्वरका बीचको पार्थक्य रेखा धूमिल भएर मेटिन्छ ? मानव सुखले पनि के विधाताको ईर्ष्यालाई कोटयाउँदैन ? या नियतिबाट रोजिएकी भनेर जस्तो लहरलाई समुद्रले धारण गर्छ आफ्नो आनन्दको लहरलाई धारण गर्ने मेरो शरीरले कुष्ठको साक्ष्यलाई पनि सदाका लागि वहन गर्नुपर्ने एउटा ईश्वरी नाम हो ? प्रेम गर्न चहन्छौ भने त्यसका लागि उपयुक्त मूल्य पनि चुकाउनुपर्छ । ईश्वरको समकक्षी हुनु छ भने नर्कको बाटो हिंड र गरलपान गर्न नबिर्स ।

यी कुरा त मैले आफ्नो जीवनका घटनाबाट झिकेका सत्य हुन् । मेरो सत्य । प्रेमको वरदान र कुष्ठको अभिशाप– मेरो जीवनको यमज सत्य । आनन्द र पीडा– स्वर्ग र नर्क– मानव जीवनको एउटै गर्भस्थानमा अङ्कुरित हुन्छन् र एउटै जीवनरसले दुवैले समान पोषण प्राप्त गर्छन् ।

जीवनको यस्तो निर्मम नियम नहुँदो हो त हाम्रो तीन प्राणीको अनन्त सुखमा हठात् बज्रपात हुन थाल्ने थिएन । पहिले हाम्री छोरी मरी । मातापितालाई ठूलो वियोगमा पारेर कुन-कुन महापथमा प्रस्थान गरी । त्यसको केही महीनापछि राइटरबाजे– मेरा पति– मेरो जीवनको एकमात्र आधार– पनि क्षयरोगले शय्याग्रस्त भए । उनको जागीर गयो; जीवन निर्वाह गर्न पनि गाह्रो हुन थाल्यो ।

हे भगवान् ! किन तिमीले सुख-दुःखलाई अनुभव गर्न सक्ने क्षमता भएको चेतना प्राणीलाई कर्तव्याकर्तव्यको विवेचन-शक्ति दिएनौ ! पाप र पुण्य दुई विरोधी तत्त्व जीवनमा सङ्घर्षरत छ भन्ने त शायद ज्ञान दियौ तर कुन पक्षमा पुण्य छ र कुन पक्षमा पाप; त्यसलाई छुट्ट्याउने शक्ति दिएनौ । रामले बालि र अङ्गदलाई छुट्ट्याउन सकेनन् रे र त्यसो हुनाले उनले अङ्गदलाई माला पहिराएका थिए भन्छन् । हाम्रो जीवनमा पुण्य पनि त्यस्तै माला धारण गरेर किन आउँदैन– किन पाप र पुण्य एउटै अनुहार लिएर हाम्रा सामुन्ने खडा हुन्छन् ? कि पुण्य भनेर हामी पापलाई अङ्कमाल गर्छौं र पाप सम्झिएर पुण्यलाई बहिष्कार गर्छौं ? कि पाप-पुण्य भन्ने कुनै तथ्य छैन मानव जीवनमा ? सपनामा देखिएका दुई प्रकारका भ्रम हुन् पाप र पुण्य ?

जे होस्; यस कुराको उत्तर नपाएर म आज जीवनको अन्तिम क्षणमा पुगिसकें । हे भगवान् ! के हो पाप, के हो पुण्य ?

आज म यो विश्वसँग क्षमायाचना गर्छु । सबैसँग म माफी चाहन्छु; र हे भगवान् ! तिमीसँग पनि । मैले त्यस दिन गर्नुपरेको निर्णयका लागि शायद मैले सबैसँग क्षमायाचना गर्नु छ– संसारका प्रत्येक प्राणीसँग; यो जङ्गल, पर्वत, यो कलकल निनादिनी निर्मल जलवाहिनी गङ्गा, आकाश सबैको क्षमा चाहन्छु म । यदि मैले नारीको चोला धारण गरेर नारीधर्मको प्रेमको मर्यादालाई अक्षुण्ण राख्न खोज्दा या पाप र पुण्यलाई छुट्ट्याउन नसक्दा मबाट कहीं कुनै अनुचित पापकर्म हुन गएको छ भने । आखिर त्यो मेरो निर्णय असाधारण अवस्थाको निर्णय थियो

जुन अवस्थामा पाप र पुण्य सादृश्य भएर हाम्रा सम्मुख उपस्थित हुन्छन् ? पाप-पुण्य एउटै अनुहार हुन्छ ।

राइटरबाजेको अवस्था दिनप्रतिदिन बिग्रँदै गयो । केही दिन त घरमा मालमत्ता, गहनागुरियाहरू बेचेर औषधिको व्यवस्था गरें । पछि त्यो साधन पनि समाप्त भयो तर राइटरबाजे झन्झन् रोगग्रस्त हुँदै गए । मेरा कोही थिएनन् । एकदम अबला । के गरूँ ?

त्यस समय मेरो धर्म के थियो मलाई अझै थाहा हुन सकेको छैन । मर्न लागेको आफ्नो पुरुषलाई स्वयं आफ्नो उत्सर्ग गरेर पनि उसलाई बचाउन चाहनु के नारीको धर्म होइन ? धर्म-अधर्मका कुरा, नीति-अनीति र सदाचार-दुराचारका प्रश्नहरू पनि मलाई लाग्यो जुन सङ्कटको स्थितिमा म पुगेकी थिएँ त्यहाँ पुगेर तिनले मलाई स्पर्श गर्न सकेका थिएनन् । साधारण स्थितिमा मनुष्यसमाजका लागि व्यवहारोपयोगी शास्त्रोक्तिहरू असाधारण स्थितिमा परेको एकाकी मानवलाई सहायकारी हुँदो रहेनछ, डुब्न लागेको मानिसको थितिमा नीतिवचन अप्रासङ्गिक भएजस्तै । मलाई लाग्यो, म डुबिरहेकी छु । सहाराका लागि हात-गोडा उफार्दा तृणलाई पनि समात्न म पुगेकी थिएँ । त्यस समयमा जीवनको एउटा अन्धप्रेरणाले मलाई बाँच्ने बाटो देखायो । सब कुराबाट निराश भएर पनि जीवनको धुकधुकीले परास्त स्वीकार गर्दो रहेनछ । एउटा अन्तिम अन्धो स्फुरण त्यसबाट निर्गत हुँदो रहेछ । आज म यहाँ अन्तिम श्वासका लागि पर्खिरहेकी छु तर त्यस दिन मानौं जीवनले क्षयमा परास्त हुन नजानेर मलाई बाँच्ने बाटो देखायो– केका लागि अब यो यौवनपूर्ण शरीरलाई साँचेर राख्छेस् ? त्यसको प्रयोग गर्ने समय आएको छ ।

के पतिव्रत तथा नारीधर्म दुई पृथक् मार्ग हुन् जसको विभेद साधारण स्थितिमा दृष्टिगोचर हुँदैन ? तर जुन चरमस्थितिमा म पुगेकी थिएँ त्यहाँ भने ती मार्ग स्पष्ट छुट्टिया देखिन्छन् । ममा रहेकी पत्नीले भन्छे– तिम्रो त एउटा मात्र पुरुष छ, अरू परपुरुषसँगको सहवास कुनै अवस्थामा पनि स्वीकार गर्नु हुन्न । तर नारी भन्छे– के आफ्नो पुरुषका खातिर पनि त्यो वर्जित छ ? पुरुषको हितका लागि नारीले गर्न नहुने कुनै कार्य छैन । पत्नीको मर्यादाको सीमा शायद होला, तर के नारीको प्रेमको सीमाङ्कन कसैले गर्न सकेको छ ? आखिर पत्नी भनेको नारीत्वमाथि उभिएको एउटा मूर्ति त हो नि । त्यस दिन मैले भनें– अब म केही रहिनं– माता, पत्नी, भगिनी, कन्या– केही रहिनं, यी सबै रूप मबाट झरेर गए । म सीमित हुँदैहुँदै मौलिक नारीतत्त्वमा केन्द्रित हुन पुगें ।

मैले भनें– यो शरीर दिएर पनि तिमीलाई बचाउँछु, राइटरबाजे !

त्यस राति र त्यसपछि अनेक त्यस्तै रातिमा म वेश्याशय्यामा सुतेर राइटरबाजेले अर्को कोठामा खोकेको सुन्थें । म प्रार्थनाको वाणीमा मनमनै भन्थें– राइटरबाजे ! यो मेरो जाबो शरीरलाई अर्पेर पनि तिमीलाई बचाउँछु । राइटरबाजे उता खोक्थे । म आफ्नो शुल्कको रुपियाँ मुट्ठीमा दृढतापूर्वक अँठ्याउँथें ।

यति दिनपछि आज मेरो यस दुनियाँबाट बिदा हुने दिनमा यी कुराहरूलाई सम्झिँदा ममा कुनै भाव जागृत हुँदैन । मैले जीवनमा गर्ने-नगर्ने यावत् काम सिध्याइसकेकी छु । अब त केवल यो आकाशमा आफ्नो अन्तिम श्वास फ्याँकिदिनु छ । तर तिनताका म यस्तै निर्द्वन्द्व थिइनँ । प्रत्येक सन्ध्यामा बत्ती बालेर म जब वेश्याको शृङ्गार गर्न थाल्थें कर्तव्याकर्तव्य, पाप-पुण्यको कुनै निष्पत्तिमा नपुग्न सक्ने अनिर्णयात्मक विचारहरूबाट आन्दोलित भइरहन्थें । मेरो तिनताकाको जीवनमा दुई पक्ष थियो– क्षय-जर्जर फोक्सोबाट निस्केको खोकी र वेश्याशय्यामा भोगदान– क्षयरोग र गणिकावृत्ति ।

पापको पात्र के हो ? जीवनको कलुषता कुन भाँडोमा आउँछ ? पापको स्थल कहाँ छ, जहाँ त्यो जरो हाल्न सक्छ ? शरीर या मनमा ? मन निस्सङ्ग भएर शरीरले मात्र गरेको कार्य के त्यस्तो आधार हुन सक्छ जसमा पाप अड्न सकोस् ! मनको निर्मलतामा नुहाएर के शरीरका पापको मोचन हुँदैन ? वेश्याशरीरमा पतिव्रता प्राण जीवित रहँदैन र ? मलाई लाग्थ्यो, वेश्यासज्जामा सुतेको शरीर मेरो होइन; म त्यहाँ हुन्नँ । म त हुन्थें अर्को कोठामा जहाँ राइटरबाजे खोकीले विह्वल भएर रुग्णशय्यामा छटपटाइरहेका हुन्थे । उनको करुणार्द्र आँखालाई म देख्थें र रोगले जर्जर भएको उनको अनुहारलाई ।

उनको चिकित्साको पूरा व्यवस्था भयो, मेरो रूपजीविकाले गर्दा; तर रोगले झन्झन् च्याप्दै लग्यो ।

उनको मृत्युमा मलाई सन्तोषको एउटा मात्रै सहारा रह्यो । मेरो भाग्यको कस्तो विडम्बना कि त्यो सहारा त्यही गणिकावृत्ति थियो जसद्वारा मैले यथाशक्य उनको औषधिमूलोको व्यवस्था गर्न सकें । उनलाई बचाउन मैले कुनै कुरा गर्न पनि बाँकी राखिनँ– वेश्यासम्म पनि भएँ, यही मेरो सानो सन्तोषको कारण थियो । मैले बचाउन सकिनँ– यो ईश्वरी न्याय उनको मात्र अन्तिम निर्णय हो जसमाथि हामी प्राणीको कुनै उजुर चल्दैन । तर हे मेरा राइटरबाजे ! मेरो सामर्थ्यको चरमसीमासम्म पुगेर मैले जति गर्न सक्थें, गरें शरीर दिएर पनि ! सानो सन्तोष यसैमा छ ।

भन्न त मैले भनें मन निस्पृह पारेर शरीरले गरेको कामको भोग लाग्दैन । तर यसलाई पनि त निश्चिन्ततासँग म भन्न सक्तिनँ कि मनलाई चटक्क अलग पारेर पनि मेरो शरीरले आफ्नो भावलाई पूर्णरूपले निर्मूल पार्न सक्यो ? कोढ के एउटा अभिशाप हो, त्यो जीवनको कलुषता हो, जो मनको निर्मल गङ्गामा स्नान गर्दागर्दै पनि कहीं शरीरको कुनाकाप्चामा अडेर रहेको पाप फुट्न गएको हो ? आज मलाई सम्झना हुन्छ त्यो युवकको जो मेरो शुल्क लिएर एक रात मकहाँ आएको थियो ।

निश्चय नै त्यो सम्पन्न थिएन किनभने शुल्कको रुपियाँ उसको धेरै दिनको सञ्चय जस्तो थियो । र ऊसँग एउटा शुल्कमात्र थियो । त्यसका प्रति ममताको उद्रेक हुनु के पाप होइन ? शरीरको र मनको निर्लिप्तता कहाँ गयो

त्यस रात, एउटा विपन्न युवकसँग केही समय वेश्याशय्यामा बिताउँदा ? भोगशय्यामा त्यसको अदक्ष व्यवहारले मलाई स्नेह जागृत भयो र मैले भनें– युवक, तिमी आफ्नो शुल्क लेऊ । मलाई चाहिँदैन ।

उसले बडो निराशाले मलाई हेऱ्यो । मैले ऊसँग कुनै मूल्य नलिएर रातभरि उसलाई आफूसँग बिताउन दिएँ– निराश नहोऊ, युवक !

आज पनि त्यसलाई सम्झिएर मलाई ममता हुन्छ । पाप र पुण्यको विवेचना गर्दै मैले आफ्नो कर्तव्यको आधार निर्धारित गरेकी थिएँ– निर्लिप्तता त्यसको आधार थियो । तर त्यस राति त्यो युवकले मेरो निर्लिप्तताको आधार नष्ट गरिदियो । म पुनः नाङ्गीजस्ती भएँ; निरावरणा, निस्सहाया । शरीरले आफ्नो स्वभाव छाड्न सकेन भने– पछि त्यसले आफ्नो प्राकृतिक नियमअनुसार सुख र क्लेशको शरीर–धर्मलाई निर्मूल गर्न सकेन भने– के त्यसले पापको भागी हुनुपर्छ– कुष्ठको छाप त्यसले धारण गर्नुपर्छ ? यो कस्तो न्याय हो, भगवान् ? मानवलाई तिमीले किन त्यस्तो दुर्बल प्राणी बनायौ ?

अभिशापका लागि पनि म नै किन रोजिएँ ? शरीर-धर्मअनुसार त्यसले पाएको भोगसुख नै यो अभिशापको कारण हो भने ममात्र किन यसका लागि रोजिएँ त ? मेरी जेठी दिदी चार पुरुषकी एकैचोटि पत्नी भएर बसिन् । मेरी माहिली दिदीकै वृत्ति पनि त रूपजीवी वृत्ति थियो । मेरी साहिंली दिदी रानी पदमा आसीन हुन आफ्नो रूप र शरीरको ठाउँठाउँमा प्रयोग गर्दै गइन् । किन विधाताले सबभन्दा सानी बैनीलाई मात्र अभिशापको छाप लगाएर मानवसमाजबाट बाहिर निष्कासित गऱ्यो ?

जुन दिन राइटरबाजेको मृत्यु भयो, म विधाताको कठोर निर्ममता देखेर स्तब्ध भएँ । मेरो केही चलेन । त्यो शून्य घरमा म संज्ञाहीन जस्ती भएर यताउति हल्लिरहें । रुग्ण कण्ठबाट निस्कने गरेको अशक्त खोकीको आवाज हठात् थामिंदा महान् शून्यता, एउटा ठूलो रिक्तताको त्यो घरमा व्याप्त थियो । मैले देब्रे हातको हत्केलाले निधारको सिन्दूर मेटें– वैधव्यस्थितिमा प्रवेश गर्दा मलाई लाग्यो, एउटा अनन्त शून्यमा म प्रवेश गरिरहेकी छु । वेश्यालय बन्द भयो– राइटरबाजे अब रहेनन् । एउटी विधवालाई छाडेर उनी अनन्तको बाटो लागेर गए । त्यही दिन मैले देखें मेरो नाकको टुप्पोमा एउटा सेतो टाटो– कुष्ठरोगको प्रथम चरण । धेरै बेरसम्म सिन्दूर पुछिएको निधार र कुष्ठरोगको टाटो भएको नाकलाई हेरिरहें । मलाई लाग्यो– अब यी दुई वस्तु मात्र मसँग रहे, पछिसम्मका लागि ।

मानिसको दुःखको सीमा पुगेपछि संज्ञाहीनताको करुणामय आशीर्वाद त्यसले पाउँछ भन्छन् । त्यस दिन महान् शून्यताको अनुभव त मलाई भयो, तर पीडाको बोध भएन । संज्ञाहीन भएर हो अथवा यस संसारमा आफ्नो भनेको यावत् वस्तुलाई आर्यघाटमा सेलाएर प्राप्त भएको विकल्पता थियो त्यो मेरो । त्यसै दिन मैले घर पनि छाडिदिएँ ।

आज यतिका दिनपछि काललाई पर्खिंदापर्खिंदा मेरो अन्तिम क्षण आएको देखिरहेकी छु। धवलागिरिको ओझेल बिस्तार-बिस्तार मतिर बढिरहेको छ। मृत्युको छाया पनि त्यही हो। अब एकछिनमा म यो निर्जन हिमलोकमा, गण्डकीको तीरमा, धवलागिरिको छायामुनि सेलाएर जान्छु। एक्लै आएँ, एक्लै गैरहेकी छु।

जीवनमा मानिसले एउटै मार्ग मात्र रोज्न पाउँदो रहेछ। एकचोटि रोजेपछि त्यही मार्गबाहेक अरू बाटो त्यसका लागि उपलब्ध हुँदो रहेनछ। मैले रोजेको बाटोमा हिंडेर म आज बाटोको अन्तिम छोरमा पुगेकी छु। मैले दिदीहरूको बाटो रोजेको भए के हुने थियो, थाहा छैन; अहिले यसको विवेचना गर्नु पनि व्यर्थ छ। तर मैले रोजेको बाटोमा कसैले पाउन नसकेको वस्तु मैले पाएँ– मेरो मात्र आफ्नो– राइटरबाजेको प्रेम। लुली र डुँडी भएर पनि त्यो प्रेमको न्यानो अझै मेरो मुटुमा विद्यमान छ। यो अन्तिम घडीमा पनि विधाताले पुनः मलाई आफ्नो मार्ग रोज्ने अधिकार दिए भने राइटरबाजेको प्रेमको आशीर्वाद पाउने बाटो, मैले हिंडिसकेको– त्यही पुरानो बाटोमात्र छ भने त्यसैलाई रोज्छु र पुनः त्यो मार्गमा हिंड्दा अभिशापको रूपमा मैले भोग्नुपरेको कुष्ठको व्यथालाई दोस्रोचोटि पनि अङ्गीकार गरेर यस हिमलोकमा सेलाउन आउनेछु। अब धेरै समय छैन। दृष्टि मलिन हुँदै आयो। गण्डकीको ध्वनि कानमा क्षीणतर हुँदैछ। धवलागिरिको छायाको टुप्पोको स्पर्श मेरो कुष्ठ शरीरले गरिसक्यो।

हे संसार ! बिदा..। राइटरबाजे !– म आएँ।

सुन्दरीजल बन्दीगृह
१०, १०, १९६२
२४, ६, २०१९

# एक रात

त्यो रात्रि पनि सधैंको जस्तो साधारण रात्रि थियो । अन्धकारमा मानिसको लोक थाकेर मरेको– चिसो, जाडोले कठाङ्ग्रिएको । काजलको आकाशमा एकनाससँग सलमा सितारा झल्केका हेरिदिने कोही छैन । घरघरमा बत्ती निभेका छन्, ढोका-झ्याल टम्म छन् । शून्य सडकका खामामा बत्ती घोरिएर भुइँतिर हेरिरहेका छन् र तिनको टल्कोमा बन्न लागेको पातलो हुस्सु रात्रिको निःश्वासजस्तो बत्ती-बत्तीमुनि झुन्डिएर अडिरहेको छ । निष्पट्ट शान्ति छ शहरमा; झन् जाडोले शान्तिलाई जम्मोठजस्तो डल्लो पारेर अडाइदिएको छ ।

अरू जाडाका रात्रिसरह नै त्यो रात्रि पनि थियो । जीवनको कार्यरतता एकदम थामिएर अडेको मानौं तमाम विश्व स्पन्दनहीन भएको छ । दरबारमा राजा-रानी र अरू राजपरिवारका प्राणीहरू सुतेका थिए; मन्त्रीहरू र अरू ठूला-ठूला कर्मचारीहरू सरकारी आवासस्थानहरूमा; पसले, जागीरिया, कृषक, गरीब, मध्यवित्तीय तथा धनी व्यक्तिहरू; नरनारी सबै, बालक, विद्यार्थी, ज्यामी, कामी, आफ्ना-आफ्ना घरमा-सर्वहारा पाटीका सत्तलमा जहाँ मुन्टो घुसार्ने ठाउँ पाए त्यहीं– सबै सुतेका थिए । रात्रिक्लबबाट छरिएका मोटरहरूको ठाउँ-ठाउँमा आवाज र मोटरभित्र बसेका पुरुष र नारीकण्ठको हाँसो मिस्सिएको ध्वनि, सडकमै फुटपाथमा गोडा लतार्दै अझै आफ्नो घरको आश्रयमा पुग्न नसकेका लुगैलुगाले सारा शरीरलाई बेरेर हिंडेका एक-दुई मानिसहरू, कुनै-कुनै घरबाट सुनिने बूढाहरूको भारी छातीको खोकी, साना नानीहरूको अचानक उठेको र त्यस्तै अचानक थामिएको क्रन्दन । कुनै-कुनै झ्यालको कापबाट फुस्किएको

ज्योति जसले भित्र बन्द कोठामा कुनै दाम्पत्यमा क्रयी-विक्रयी प्रणयलाई सजिलो परिरहेको थियो; आदि यस्तै साना-साना चहलपहलका कुराहरूले मात्र यो सङ्केत दिन्थ्यो– जीवन हठात् मरेको थिएन– थामिया मात्र थियो, मृत्युवत् निद्रामा ।

र झ्यालखानाको एक कुनामा एकतले मुन्डा घरको कालकोठरीमा एउटा किशोरलाई पनि अकस्मात् झपक्क आँखा लागेछ र त्यसै गुँडुल्किएर राडीको बिछ्यौनामा सुतेछ– जाडोले एकडल्लो भएर हातलाई तिघ्राका बीचमा घुसारेर । त्यसै बखतमा फलामे डन्डी भएको कोठरीको ढोकामा बाक्लो साङ्लो बज्यो । किशोरको तन्द्रा भङ्ग भयो; सोच्यो– उनीहरू आए । बाहिर, धेरै मानिसहरूको गोडाको आवाज खस्याकखुसुक सुन्यो, र कर्कश शब्दका साथ फलामे डन्डीमा सिक्री रगडिएको पनि ।

भरखर यसो उँघेको मात्र थियो क्यारे, तर घडी कति छिटै बितेको । राति कमिश्नर आएर सोधेर गएका थिए– के खान मन छ ?

उसले भनेको थियो टाउको हल्लाएर– केही खान मनं छैन । कमिश्नरले फेरि सोधेका थिए– घरका मानिसहरूलाई केही भन्नु छ ?

उसले फेरि टाउको हल्लाएर भनेको थियो– छैन, केही भन्नु । फेरि कमिश्नरले बडो कोमल स्वरमा अन्तिम बार सोधे– तिम्रो अन्तिम इच्छा के छ ? केही भन्नु छ ?

किशोर केही सचेत भयो र उसलाई लाग्यो, कमिश्नरको यो प्रश्नमा अन्तिम दिलचस्पी लिएर केही बोलिदिनैपर्छ, नत्र जीवनको केही टुङ्गो नलागेको जस्तो हुनेछ । विसर्जन वाक्य त केही भन्नैपर्छ । उसले भन्यो– तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन जाओस् ।

कमिश्नर मानौं हडबडाएर उठे र उनले बडो अस्वाभाविक कण्ठमा भने– ल भो, भो... ।

त्यसपछि फेरि फलामे ढोका लाग्यो; सिक्री बारमा रगडियो; बाक्लो ताल्चा मारियो; र गोडाको आवाज बिस्तारै चिसो माटोमा विलीन हुँदै गयो ।

किशोर फेरि एक्लै भयो कोठामा । अन्तिम घडी आएछ– चटक्क चुँडिने जीवनको कोमल हाँगोबाट । हठात् समाप्त हुने– छु र छैनका बीच छुट्याउने एउटा पातलो रेखा शायद खुकुरीको धारको या कुनै बटारिएको चिल्लो डोरीको । साधारण मृत्यु होइन यो, जसमा जीवन बिस्तार-बिस्तार निभ्दै जान्छ, बिलाउँदै-बिलाउँदै जान्छ; कालगतिको सामान्य नियममा बाँधिएको मृत्यु यो होइन । न हो यो त्यस्तो अकस्मात्को मृत्यु जस्तो कि युद्धमा तातो गोली खाएर प्राण उडेको हुन्छ– सोच्दै नसोचेको गोली लाग्छ छातीमा, अनि त्यही अकस्मात्को आश्चर्यमा मान्छेको शरीर सेलाइहाल्छ । यहाँ त धेरै दिनदेखि पर्खिएको मृत्यु हो यो– झन् दरबारबाट मृत्युदण्डको पुष्टि भएपछि– आज हुन्छ, भोलि हुन्छ भन्दै औंलामा दिन गन्दै मृत्युलाई पर्खेर बसेको । कालगतिको नियमबाट आएन यो; न अकस्मात् नै आयो । यहाँ त धेरै आयोजना भए थानामा, प्राइवेट न्याय गोष्ठीमा, दरबारमा–

खूब छलफल भए, ऐनको ठेलीबाट निकै दफा झिकेर न्यायको व्याख्या भयो र अहिले पनि मृत्युका लागिको यो बृहत् आयोजन समाप्त भैसकेको छैन– बाँकी रहेको कागजमा अफिसरहरूको दस्तखत पर्दै होला; अन्तिम अर्डरहरू लेखिँदै होलान्; खुकुरीमा सान लगाइँदै होला, या डोरी, तख्ताको व्यवस्था मिलाइँदै होला– तर तैपनि मृत्यु त हठात् नै– छु र छैनका बीच केवल आधा सास– मुटुको केवल आधा चडकाइ ।

किशोरले घरलाई सम्झ्यो । पहिले-पहिलेको जस्तो भावनाले विभोर भएर होइन, एकदम अनुद्विग्न भएर; मानौं घरको दृश्य त्यो हेरिरहेको छ, तस्वीरहरूमा । उसका आमा-बा एउटा ठेट ग्रामीण दम्पती; उनीहरूले बुझ्ने होलान् र राजनीतिका कुरा ? सानो गृहस्थीमा आइपर्ने सुख-दुःखका कुराभन्दा माथि कहाँ उठ्थ्यो र उनीहरूको विचार ! जेठो छोरोलाई अङ्ग्रेजी पढाउने पनि बडो छलफल गरेर मात्र निर्णय भएको थियो । नत्र आमा त भन्थिन्– गाउँको पाठशालामै कौमुदी पढाए भइहाल्थ्यो नि । इष्टमित्रहरूले भनेका थिए– आजकाल अङ्ग्रेजी नपढाईकन हुँदैन । र बालाई जेठो छोरोमाथि बडो आशा थियो । त्यसैले अङ्ग्रेजी पढाउने नयाँ कुरा तिनले गरे । छोरोले जब म्याट्रिकमा प्रथम श्रेणी ल्यायो, बाको आँखा त्यसै गर्वले उज्यालो भएको थियो, तर मुखले भने गर्वको एक वाणी झिकेका थिएनन् । बरु गाउँवालाहरूले आफ्नो एउटा ठिटोले इज्जत कमाइदिएको हुनाले भने– क्याबात ! बालाई त मनग्य पुगेको थियो । जेठो छोरोले त्यति अङ्ग्रेजी पढिहाल्यो; अब घर बसोस् र खेती हेरोस् । आमा पनि भन्थिन्– अब यसलाई धेरै पढाउनु पर्दैन । घरमा दुई छाक खान पुगिहालेको छ; नोकरी गर्नुपर्ने होइन । हेर हेर, कति दुब्लो भएको छ अङ्ग्रेजी पढ्दा । गाउँलेहरूले नै फेरि ढिपी गरेर– यत्रो जेहन भएको छोरोलाई घरैमा थन्क्याएर राख्ने हो ! पढ्छ-लेख्छ काजी, मिनिष्टर, जज, बेरिष्टर हुन्छ । इज्जत थुपार्छ यसले हामी सबैको । अनि आइ. ए. पढाउन हिन्दुस्तान पठाएको थियो । आमा त केही नबुझेर अन्ध-वात्सल्यमा आँसु बगाइरहँदी होलिन् । बा भने आँसुलाई बलपूर्वक थाम्दै, नरिवलको हुक्कामा तमाखुमाथि तमाखु तानेर पिंढीमा एकहोरो टोलाएर बसिरहँदा होलान् । सानो भाइ आफ्नो स्कूलमा राजनीतिका कुरा गर्दो हो र भन्दो हो– नेपालमा प्रजातन्त्र ल्याउनुपर्छ । अनि एक्लै भएको बखतमा मलाई सम्झिँदो हो र शायद साथीहरूले नदेख्ने गरी तकियामा मुन्टो गाडेर आँसुलाई पुछ्दो हो । मेरो राजनीतिक इतिहासका मोटा-मोटा किताबलाई पल्टाएर भन्थ्यो– दाइ, म कहिले पढ्छु यिनलाई !

किशोरले बैनीलाई सम्झ्यो जसलाई ऊ बडो माया गर्थ्यो । बाहिरबाट छुट्टीमा आउँदा उसलाई एक जोर रङ्गीन सूती सलवार र कुर्ता ल्याइदिएको थियो । घरमा उसले ठूलो आन्दोलन मच्चाएर बैनीलाई यो वेशमा बाहिर निस्किन लगाएको थियो । बाले भने– जेठोले के के गरिहिंड्छ, नगरेको चलन ।

उसले बैनीलाई राखेर भन्यो– बैनी, तिमीले पढ्नु पनि पर्छ । म तिमीलाई पढाउँछु ।

बैनी बडो उत्साही बालिका थिई । उसले भनी– म पढ्छु दाइ ! म पनि ठूलो हुन्छु– धेरै पढ्छु । अनि बडो मेहेनत गर्न थालेकी थिई पढ्नमा । जहिले पनि कापी, किताब र कलम उसको हातमा हुन्थे । र घरको कुनामा या आँपको गाछीमुनि ऊ घोप्टो परेर सुतेर पढ्थी । एउटा स्याल बडो धूर्त थियो... दाइ, 'धूर्त' भनेको के भनेर किताबबाट मुन्टो झिकेर सुती-सुती कराएर सोध्थी । अनि अङ्ग्रेजी पनि पढ्न थाली– ए. बी. सी. डी...!

आमा भन्थिन्– छोरालाई के थरी-थरीको कुरा गर्न मन लाग्छ । मैयाँलाई अङ्ग्रेजी पढाउने रे ! बिहा भएर पराईका घर जाने छोरीलाई घरको काम सिकाउने कहाँ कहाँ...?

आमा हाँस्थिन् छोरीले कनी-कुथी गरेर पढेको देख्दा र कहिले-कहिले त्यहींनिर बसेर उसले पढेको कथा सुन्थिन् ।

बैनी भन्थी– आमा, म बिहे गर्दिनँ ।

आमा भन्थिन्– के भनेकी रे बिहे गर्दिनस् ?

अहँ गर्दिनँ– देशसेवा गर्छु पढेर आमा ! भन्थी बैनी ।

त्यसपछि किशोरको बिहा भयो । सानी केटी आई, दुलही भएर ।

उसले बालाई एक-दुईचोटि भनेको थियो– बा, अहिले बिहे गर्दिनँ पढिसिध्याउँछु, अनि...।

बा-आमा दुवैले बडो आग्रह गरे र भने– बुहारी घरैमा हामीसँग बस्छे, तँ पढ्न जालास् । के बिग्रिन्छ त्यसले ! उसले यसमा धेरै जिद्दी गरेन, यद्यपि उसलाई मनमनै लाग्थ्यो, पढ्न सिध्याएर आफ्नै गोडामा उभिने भएपछि बिहा भए असल । त्यसो हुनाले आमाबाको आज्ञा मानेर मात्र उसले बिहा गरेको थियो; आफ्नो बिहेमा उसलाई दिलचस्पी थिएन ।

तर बिहे गरेर जब उसले एउटी सानी केटीलाई घर लिएर आयो, उसलाई लाग्यो, उसलाई म आफ्नो रूपमा ढाल्छु । दुलही बैनीजत्री थिई । उसले भन्यो– यसलाई पनि पढाउँछु, लेखाउँछु र बाहिरको जगत्मा अर्धाङ्गिनी बनाएर उपस्थित गर्छु । मेरो जीवनमा यो गाँसिन आई । अनि बडो चाख लिन थालेको थियो, आफ्नी सानी पत्नीमा ।

तर ऊ यति सानी थिई कि के कुरा गर्ने ऊसँग ? यो बिरानो घरमा ऊ पनि चुप लागेर बसिरहन्थी र केही सोध्यो भने आफ्ना ठूला-ठूला आँखा उठाएर हेर्थी । तर बोल्न बडो गाह्रो मानेको जस्तो गर्थी ।

एक दिन किशोरले सोधेको थियो– राधा ! तिमीले घरमा लेख्न-पढ्न सिकेको थियो कि थिएन ? उसले आँखा उठाएर हेरेर मुन्टो मात्र हल्लाएकी थिई, यो भन्नलाई कि पढेकी छैनँ ।

त्यसपछि राति बसेर ऊ दुलहीलाई पढाउन थालेको थियो । र उसले बैनीलाई भनेको थियो– बैनी, भाउजूलाई पनि आफूले पढेको सिका न ।

एक दिन उसले दुलहीलाई भन्यो साँझतिर– राधा ! हिंड जाऊँ घुम्न, नदीतिर ।

यस्तो कुरा गाउँमा पहिले कहिल्यै पनि भएको थिएन । राधाले छक्क परेर किशोरलाई हेरिरही । किशोरले फेरि आग्रह गरेको थियो– हो, नयाँ युगका अनुसार हामीले पनि हिंड्ने बानी गर्नुपर्छ राधा !

अनि राधा खुशी भएकी जस्ती थी, तर भन्नचाहिं यति भनी– तर मलाई लाज लाग्छ ।

त्यसरी राधासँग उसको प्रेम घनिष्ठतर हुँदै गएको थियो । कति सुधी, लाटी छ राधा ! यही बमकाण्डभन्दा केही दिन पहिलेको कुरा । कलेजमा क्रान्तिकारी गोष्ठीले बम फ्याँकेर तानाशाहलाई अत्याउनुपर्छ र चेतावनी दिनुपर्छ भन्ने निर्णय गरेको थियो, र किशोरले स्वेच्छाले यो काम आफ्नो जिम्मामा लिएको थियो । त्यसपछि बम लिएर घर आएको थियो ऊ ।

बेलुका उसले राधालाई भन्यो– हिंड जाऊँ नदीतिर घुम्न । राधाले फेरि आफ्ना ठूला-ठूला आँखा उठाएकी थिई र भनेकी थिई– लाज लाग्छ मलाई ।

किशोरले राधाका ठूला-ठूला आँखापट्टि लक्ष्य गरेको थियो; उसलाई लागेको थियो, कत्रा ठूला-ठूला निर्दोष आँखा छन् यसका । र साँच्चै उसको अनुहारमा लाजको चिह्न पनि थियो, चिल्लो श्यामल अनुहारमा हलुको रक्त चढेको ।

उसले भनेको थियो– राधा, अझसम्म लाज गएको छैन तिम्रो ! आमा हुने बखतमा पनि ?

राधा लाजले भुतुक्क भएकी थिई । तर एकछिनपछि तिनीहरू सन्ध्याको अँध्यारोको आडमा गाउँलाई राखेर नदीतिर आएका थिए । राधा कत्रो भरोसा लिएर आइरहेकी थिई ऊसँगै, त्यस साँझमा । घाटमा एकछिन बसेर उनीहरूले कुरा पनि गरे, गोडा पानीमा झुन्ड्याएर ।

किशोरले भन्यो– राधा, तिमीले आफ्नो जीउको राम्रो हेरविचार गर्नू ।

राधाले केही नबोलेर आफ्नो गोडा पानीमा हल्लाइरही । अनि एकछिनपछि त्यसै लहडमा सोधेको जस्तो गरी किशोरले भन्यो– तिमीलाई पहिलो सन्तान छोरा कि छोरी, के मन पर्छ ? राधाले अँध्यारोमा पनि लाजले मुख छोपी । तर मनमा बडो प्रसन्न थिई– र बिस्तारै छोपेको मुखबाट भनेकी थिई– छोरो ।

किशोरले त्यस्तै सहज स्वरमा भन्यो– राधा ! छोराको राम्रो हेरविचार गर्नू !

अनि राधाले मुखबाट हात झिकेकी थिई र टुलुटुलु किशोरतिर हेर्न थालेकी थिई । उसको पानीसँग खेलिरहेको गोडा थामिएका थिए । उसले सानो आशङ्काको स्वरमा सोधेकी थिई– किन यस्ता कुरा गरिरहेका छौ आज, प्राणनाथ !

प्राणनाथ– अत्याहटको सानो वेगमा संयमलाई बिर्सेर हृदयको स्पष्ट ध्वनि निस्केको थियो, राधाको मुखबाट-प्राणनाथ ! किशोरलाई आफ्नो एकान्तको कुरा बताएर सम्बोधन गरेको यही पहिलोचोटि थियो राधाले र आखिरीचोटि । भोलिपल्ट त ऊ समातिइहालेको थियो ।

राधाको अत्याहट बुझेर उसले वातावरण हलुको पार्न भनेको थियो, उसको हात आफ्नो हातमा लिएर– हामी दुवैले मिलेर आफ्नो छोरालाई राम्ररी हेरौंला, माया गरौंला, पढाउँला-लेखाउँला र ठूलो पारौंला ।

राधा कस्ती सरल बालिका जस्ती थिई, उसको गोल-गोल अनुहारमा अझै बालिकाको स्निग्धता बाँकी नै थियो– तर आमा पनि हुन लागेकी थिई अब त्यो ।

अनि स्वाभाविक स्थितिमा आएर उसले भनेकी थिई– तिमी कहिले-कहिले अनौठो व्यवहार गर्छौ, अनौठो कुरा गर्छौ...।

साँझको अन्धकार गाढा हुँदै आएको थियो । उनीहरू घर फर्के; बाटामा राधाले आफ्नी दिदीको कुरा गरी, जसले छोरा पाउँदा राधा पनि थिई । दिदीको छोरो कस्तो राम्रो छ, घुतुमुने-काखीभरी अटाउने-लिइरहूँ जस्तो लाग्छ– म्वाईं खाइरहूँ जस्तो लाग्छ...।

त्यही एक चोटि थियो जब राधाले आफ्नो मनका कुरा मात्रै गरेकी थिई, एकदम मुखरा भएर ।

थुनिएपछि उसले सुन्यो कि राधाले छोरो नै पाई ।

किशोरले राडीमा लेटी-लेटी सुनिरह्यो, जेलका विभिन्न ध्वनिहरू जब कि सबभन्दा उपर चढेको हुन्थ्यो चौकीदारहरूको गर्जन– होशियार ! होशियार...!!

कहिले किशोर फेरि तस्वीर हेरेको जस्तै मनको चिसो आँखाले कलेजका साथीहरूलाई हेर्न थाल्थ्यो । उसले विदेशमा पनि कलेजमा पढ्ने विद्यार्थीहरूको एउटा संघ बनाएको थियो जहाँ नाना विषयमा छलफल हुन्थे– प्रजातन्त्र; मार्क्सवाद; स्वतन्त्रता; समाज र व्यक्ति आदि विषयहरूमा । र सबै विद्यार्थीहरू युवकको उत्साहमा आफ्ना-आफ्ना मतमा अडिग भएर बहस गर्थे, तर सबैको हृदयमा नेपाललाई उन्नतिको आधुनिक बाटोमा लग्ने इच्छा थियो र सबै नेपालको पुरानो व्यवस्था र हुकुमी शासनको अन्त्य चाहन्थे । हिंसा-अहिंसाको पनि तर्क उग्र जोशका साथ हुन्थ्यो उनीहरूका बीच । कोही भन्थे– अहिंसाको मार्गले प्रजातन्त्र दिगो हुन्छ र कोही भन्थे– अहिंसालाई सफल प्रयोगमा ल्याउन पनि प्रारम्भिक हिंसा चाहिन्छ– बाटोलाई छेकेको तगारो हटाएको जस्तो । त कोही भन्थे– अहिंसाले राजनीतिक परिवर्तन गर्ने भए र त्यसरी दिगो प्रजातन्त्र कायम गर्ने मनसुवा भए अनन्तसम्म पर्खन पनि तयार हुनुपर्छ तर यत्रो द्रुतगतिमा बढिरहेको दुनियाँमा के हामी नेपालीले अनन्तसम्म पर्खिरहने...!

त्यहीं एउटा सानो क्रान्तिकारी गोष्ठी पनि बन्यो जहाँ यो निर्णय लिइन्थ्यो कि राजनीतिमा हिंसाको पूर्णतः त्याग असम्भव छ, त्यसो हुनाले प्रयत्न यसमा मात्रै गर्नुपर्छ कि हिंसा सीमित रहोस् र अनिवार्य भएमा मात्र अनिवार्य परिमाण प्रयोग होस् । बम फ्याँक्दा किशोरले मनमा निस्सङ्ग भएर विश्वास गरेको थियो कि त्यसको यो कार्य अनिवार्य छ । उसलाई पुलिसले केर्दा या न्याय गोष्ठीमा सोध्दा उसले एकनाससँग भनेको थियो– मैले फ्याँकेको हो बम । तर हत्याका लागि होइन, चेतावनीका लागि कि युवकलाई स्थिति असैह्य हुन लागिरहेको छ ।...तर हत्या हुन गएको भए त्यो अनिवार्य थियो, जनताका अधिकारका लागि ।

अन्तिम घडीमा एक-एक गरेर सारा दृश्य उसका सामुन्ने आइरहेका थिए । र सोच्दासोच्दै ऊ गुँडुल्किएर निदाएछ ।

अनि कालकोठरीको फलामे ढोका उघ्रियो– सिक्री डन्डीमा रगडियो । उसले लेटी-लेटी सोच्यो– लिन आए ।

कस्तो अनुद्विग्न छ उसको मन– एकदम भावनाशून्य भएको छ उसको हृदय– धोइएर, पुछिएर चोखो ।

कमिश्नरको बोली सुनियो कोठामा– अब बाहिर आउनुपर्‍यो ।

उठेर बस्यो ऊ । कोठामा तीन-चार जना पसेका थिए– नीलो पेन्ट र कोट लाएको डाक्टर, एउटा मिलिट्रीको सुबेदार र कुन्नि एक-दुई जना अरू । किशोरले कोठामा एकचोटि दृष्टिपात गर्‍यो । कोठाको अँध्यारो बाहिरको एउटा बल्बको प्रकाशले हटाइरहेको थियो । ढोकाको डन्डीको छाया एउटा भुईंमा सोझो, अर्को भित्तामा च्याप्टो र बाङ्गिएको परिरहेको थियो । कुनामा एउँटा सानो माटाको पानीको घैला थियो जसको मुखलाई कचौराले छोपेको थियो, र नजिकै धोएको थाल पनि भित्तामा ठड्याएर राखेको थियो । गिलास पनि घैलानिर नै थियो । राडीको बिछ्यौनामा एउटा खाँडीको चादर बिछ्एको थियो । एउटा तकिया र एउटा खाँडीकै बर्को र दोलाईं पनि खाटमा थियो । तकियानिर तीन थान किताब थिए । किशोरले किताबहरूलाई मिलाएर तकियासँगै टाँसेर राख्यो– तल मोटो जातक कथाको पुस्तक, त्यसमाथि बाइबिल र सबभन्दा माथि भाषाटीका भएको गीता ।

उसलाई लिन आउने अफिसरहरूले हडबडी गरिरहेका छैनन् । चुप्प लागेर उभिइरहेका थिए । किशोरले बिस्तारै किताब मिलायो र मनमा भन्यो– यी किताबहरूले के भने ? जीवनमा तिनका उपदेशहरूको प्रयोग त सम्भव छैन र यो पनि जान्न सकिएन कि उसको त्यो कार्यका प्रति के भनाइ छ यिनीहरूको । र अब अर्के ठाउँमा गएर यिनमा सङ्केत गरिएका त्यहाँका बुँदाको भावार्थ बुझिएला ।

अनि किशोर बिछ्यौनाबाट उठ्यो । उसले खाँडीको कुर्ता र धोती लगाएको थियो । काठको कीलाबाट स्वेटर झिक्यो; त्यसलाई लगायो । जाडोले आङ काँपेको जस्तो भयो । कोट पनि काँटीबाट झिकेर लगायो । अनि फेरि एक चोटि कोठामा दृष्टि दिएर भन्यो– ल जाऊँ, म तयार भएँ ।

बाहिर आएर उसले भन्यो– त्यो कोठाको सामानहरू कसैलाई दिनुहोला ।

अनि अघि-पछि मिलिट्रीहरूले घेरिएर त्यो हिंड्यो । अँध्यारो जाडोको राति । नबोलीकन त्यो सानो जुलुस जेलको दक्षिण-पश्चिम कुनापट्टि लाग्यो । किशोरले चिसो हावालाई तान्दै लामो सास लियो । उसले जुत्ता लगाएको थिएन; पैतालामा साना-साना ढुङ्गा गड्रिरहेका थिए । उसलाई हठात् लाग्यो– उसको मनमा कुनै किसिमको भावना छैन । केवल उसका आँखाले देखिएका दृश्यलाई अङ्कित मात्र गरिरहेछन्– कुनै रिकर्डरले मालहरूको सूचीमा टिक मारेको जस्तो । शरीरले जाडो अनुभव गरिरहेको थियो र त्यसबाट उसले सम्झ्यो यो माघको महिना हो– गोडाले कङ्कड गडेको अनुभव पनि गर्‍यो । बस, त्यत्ति । फेरि उसलाई लाग्यो– कस्तो सबै जना चुप्प छन्, एकअर्कोसँग वास्ता नभएको जस्तो । उसले सबैतिर हेर्‍यो– सबै एकनाससँग हिंडिरहेका थिए ऊतिर नहेरेर । उसले त्यसै आफैंलाई सम्बोधन गरेको जस्तो भन्यो– किन कोही बोल्दैन ?

किशोरले आफ्नै वाणीलाई अर्कोले बोलेको जस्तो गरेर सुन्यो । कमिश्नरको मसिनो बोली पो सुनियो– भनेको मानेनौ माफी माग भनेको...। के गर्नु आफ्नो ड्यूटी गर्नैपर्ने भो...। किशोर मुस्कुरायो; भन्यो– मलाई पनि लागिरहेछ– म पनि ड्यूटी गर्न गैरहेको छु ।

किशोरलाई लाग्यो, उसले मुस्कुराएको कुनै ठूलो व्यङ्ग्यको बोधले होइन । उसलाई ठूल्ठूला कुरा कहाँ आइरहेका थिए र त्यस समयमा । त्यही क्षणका कुरामा मात्र उसको ध्यान थियो र उसको शरीरले पाउन थालेको अनुभव पनि त्यही क्षणसँग सम्बन्ध राख्थे ।

फेरि त्यो जुलुस शान्त भएर हिंडिरह्यो । अनि अचानक किशोरले देख्यो, यात्राको अन्त्य आइसकेछ– जेलको बाहिरिया र पर्खालको कापनिर सानो मञ्चजस्तो दायाँ-बायाँ दुइटा लामा खामा खडा थिए र ती खामाका उपर तेर्सो गरेर एउटा अर्को खामो राखिएको थियो जसबाट एउटा डोरी झुन्डिरहेको थियो । र डोरीको झुन्डिएको सिरानपट्टि मुन्द्रीको आकार बन्न गएको थियो जसमा एउटा गाँठोले अड्याएर राखेको जस्तो थियो । मञ्चमा एउटा अग्लो मोटो मानिस सुरुवाल र कालो स्वेटर मात्र लाएको उभिरहेको थियो । तल, पहिलेदेखि नै एउटा सानो डफ्फा सिपाहीहरूको पर्खिरहेको थियो ।

मञ्चनिर पुगेर त्यो सानो जुलुस टप्प अड्यो– किशोरले मञ्चको दुई खुड्किलो सिंढीका सामुन्ने आफूलाई पायो । उसलाई लागेन, कसैले केही भने; तर प्रयासहीन त्यसका गोडा त्यसै त्यसमा उक्लिँदै चढे ।

चारैतिर निष्पट्ट शान्ति थियो, टाढा कुनै दरबारको कुकुरको बाक्लो भुकाइले झन् त्यहाँको निस्तब्धतालाई घनीभूत पारिरहेको थियो । अन्धकार पनि आकाशमा निविष्ट– केवल मञ्चनिर पर्खालमा लागेको बिजुलीको प्रकाशद्वारा बन्न गएको एउटा उज्यालो केन्द्र । किशोरले मञ्चमाथि चढेर तल हेर्‍यो ।

उसलाई लाग्यो, उसको मस्तिष्क एकदम स्पष्ट भएको छ जसले त्यस क्षणका तमाम दृश्यलाई राम्ररी अङ्कित गर्दै गैरहेको छ– एउटा क्यामेराको मशीनजस्तो। तल मञ्चमा अर्धवृत्त बनाएर अफिसर र मिलिट्रीका मानिसहरू उभिएका थिए। उसले एक-एक गरेर सबैलाई हेऱ्यो। सबै नबोलेर मुन्टो तल निहुराएर उभिरहेका थिए– डाक्टर, कमिश्नर, सुबेदारप्रभृति। उसले डाक्टरको पहिरनलाई लक्ष्य गऱ्यो– गाढा नीलो पेन्ट र हलुको कालो रङ्गको कोट उसले लाएको थियो। कमिश्नरको कोगटी टोपी तलको निधारमा दिनभरिको चन्दन र टीका जस्ताको तस्तै थियो। सुबेदारले लाएको ग्रेट कोट र काने टोपीको रङ्गमा भएको फरकपट्टि पनि किशोरको ध्यान गयो। उसलाई लाग्यो– कस्तो आश्चर्य कि अन्तिम बेलामा उसलाई यी साना-साना कुराहरूको मात्र ध्यान आइरहेको छ।

उसको गोडामा डोरीको छाँद हाल्न लाग्दा उसले यसो निहुरिएर हेऱ्यो। मञ्चमाथिको कालो स्वेटर लाउने मोटो अग्लो मानिसले स्वाँ-स्वाँ गर्दै झुकेर उसको दुवै गोडालाई जोरेर गोलीगाँठानिर बाँधिरहेको थियो। उसको गोडाले कस्सिएको गाँठोले किचेको पनि बोध गऱ्यो र पैतालाले खस्रो फल्याकको अनुभव। त्यसपछि घुँडानिर अर्को छाँद हालियो– त्यहाँ पनि डोरीले छालालाई किचेर दुखाएजस्तो किशोरलाई लाग्यो।

एकदम शान्तिमा यी सब क्रिया भैरहेका थिए। केवल किशोरको मन र शरीर अत्यन्त चनाखो भएर यी सबै कुरालाई स्पष्ट किसिमले टिपिरहेका थिए। कालो स्वेटर लाउने मानिसले उसको टाँक फुकाल्न लाग्दा उसको मुखको गन्ध किशोरको घाँटीमा लाग्न गएको थियो। भावनाशून्य भएर किशोरले मनमनै भन्यो– यो के भएको ? किन ममा केही भावना आउँदैन– मन र शरीरले अनुभव मात्रै गरिरहेको छ, तत्क्षणका अर्थहीन क्रियाहरूको !

कोट फुकालेपछि उसको हातलाई पनि पछिल्तिर लगेर बाँधिदिन थालेको उसले थाहा पायो। कोट नभएको शरीरले बाहिरको चिसोको अनुभव गऱ्यो। शरीरमा ठन्डाले एउटा हलुका शिहरन ल्यायो। उसले टाउको उठाएर आकाशतिर हेऱ्यो– आकाश गहिरो कालो र चिसो। तिनमाा असङ्ख्य नक्षत्र असाधारण ज्योतिले टिलपिल गरिरहेका थिए। उसलाई लाग्यो– ती नक्षत्र ठूला-ठूला हीराका टुक्रा हुन्। अनि झल्याँस्स राधालाई सम्झ्यो– आकाशजस्तै गहिरो, कालो स्निग्ध अनुहारलाई। उसको सुधो अनुहारका टल्किने दुई आँखालाई। उसलाई लाग्यो, ऊ देखिरहेको छ। उसले सम्झ्यो– राधा आमा भएकी छ। छोरो कस्तो होला !

आकाशमा ठूलो चमकसँग उदाएको शुक्र तारालाई उसले एक छिनसम्म हेरिरह्यो। र मनको कुनामा सधैंको अनुभवजस्तो गरेर उसलाई लाग्यो, अब अरुणोदय हुन्छ– अनि सूर्योदय।

त्यसै बखतमा पछिल्तिरबाट उसको टाउकोमाथि कालो खोल लगाइदिए– उसको घाँटी ठाडै उठेको थियो। तत्क्षण उसलाई लाग्यो, एउटा चिसो डोरी

मालाजस्तो उसको तानिएको घाँटीमा पऱ्यो; र यसलाई अनुभव गर्दागर्दै उसलाई लाग्यो, पैतालाको खस्रो फलेक सऱ्यो र कसैले बेहद शक्तिले उसको घाँटीलाई तान्यो ।

त्यसपछि एउटा युवकको मृत शरीर बिहानपख आकाशमा हल्लियो । सबैले मुन्टो निहुराए ।

सुबेदारले त्यहीं जेलको अर्कोपट्टिको उनीहरूको अस्थायी शिविरमा आफ्ना मानिसलाई मार्च गराउँदै फर्काएर ल्यायो । त्यही कामका लागि डिटेल भएर उनीहरू आएका थिए– एउटा ठूलो हरियो पाल गाडेर हिजोदेखि उनीहरू जेलमा बस्न आएका थिए– सुबेदार, हवलदार र तीन जना सिपाही । कसैले एक शब्द बोलेनन् । आएर बिस्तार-बिस्तार आफ्नो वर्दी फुकालेर आफ्नो-आफ्नो बिछ्यौनामा सुते । जाडोको याम, मुख छोपेर सबैले रातभरिको थकानलाई निद्रामा मेटाउन चाहे ।

सुबेदारलाई पटक्क निद्रा लागेन । आँखा टुलुटुलु हेरेर धेरै बेरसम्म बिछ्यौनामा सुतिरह्यो ऊ ।

शरीर थाकेको त थियो, तर निद्रा भने पटक्क छैन । उसले देख्यो, अर्को खाटमा हवलदार पनि चटपटाइरहेको छ । उसले भन्यो– हवलदार, निद्रा लागेन ?

हवलदारले भन्यो– मरे निद्रा आउँदैन ।

सुबेदार उठेर बस्यो र भन्यो– सिगरेट झिक्न ।

हवलदार पनि उठेर बस्यो र तकियातलबाट सिगरेटको डब्बा झिक्दै भन्यो– आखिरी याममा मानिसको दृष्टि आकाशतिर हुँदो रहेछ ।

सुबेदारले सिगरेट सल्काउँदै भन्यो– मेरो एउटा छोरो ठिक्क त्यस्तै छ । ठिक्क...!

हवलदारले सिगरेट तान्दै भन्यो– मेरो भाइ पनि गाउँमा ठीक त्यस्तै छ– चञ्चल, हँसिलो...।

सुबेदारले भन्यो– होइन, हवलदार, त्यसले यसो आकाशतिर हेरेर सबैलाई आशीर्वाद दिएको जस्तो तँलाई लागेन ?

तबसम्म तीनै जना सिपाहीहरू पनि उठेर आफ्ना-आफ्ना बिछ्यौनामा टुक्रुक्क बसिसकेका थिए ।

एउटाले भन्यो– त्यस्तो अन्तिम घडीमा देउता चढ्छ मानिसलाई र त्यसले चिताएको कुरा पुग्छ ।

सुबेदारले सिगरेटको लामो कश तानेर सिगरेटलाई पालबाट बाहिर फ्याँक्दै भन्यो– ल, हेर पूर्वतिर झकमक्क उज्यालो भैसकेछ ।

उता डाक्टर कमिश्नरको जीपमा आफ्नो घरमा फर्केर आयो । उसको शरीर लगलग काँपिरहेको थियो; लाग्यो, कस्तो जाडो आज राति । ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । दुलही बिछ्यौनामा सुतिरहेकी थिई । उसले आफ्नो लुगा

फुकाल्यो र बाथरूममा गएर हात धुन थाल्यो । धाराको शब्दले दुलहीको निद्रा टुट्यो; उसले भनी– यति अबेर के गरेको ? कहाँ गएका थियौ ?

डाक्टर सुत्ने कोठामा आएर बिछ्यौनामा पस्यो । दुलहीले सरेर उसलाई ठाउँ बनाइदी । उसको देहसँग टाँस्सिंदा उसले भनी– कस्तो चिसो शरीर तिम्रो !

डाक्टर नबोली धरिनतिर हेरेर बसिरह्यो । दुलहीले भनी– किन नसुतेको ?

र एक छिनपछि डाक्टरको अनौठो व्यवहार देखेर फेरि भनी– के भो हँ, तिमीलाई ? कहाँ गएका थियौ भन । भन, भनन...।

डाक्टरले सुस्तरी भन्यो– नभन्नू है– मेरो मासु खाने, छोराहरूलाई । त्यही ठिटोलाई फाँसी दिलाउन जानुपरेको थियो ! नभनेस् है, छोराहरूलाई ।

दुलहीको मुखबाट केवल– हाय ! भन्ने शब्द निस्क्यो; र उसले आफ्नो हत्केलाले मुख छोपी ।

रात बितिसकेको थियो । झ्यालको कापबाट पूर्वपट्टिको आकाश उज्यालो भयो ।

कमिश्नर डाक्टरलाई पुऱ्याएर सोझै दरबार गए । ढोकामा सिपाहीहरू ठूलो धुनी बालेर बात मारिरहेका थिए । कर्णेललाई उनले सबै वृत्तान्त भनेर उनी घर आए । आउनेबित्तिकै सोझै पूजाकोठामा गए । ढोकैबाट पूजा गर्ने गरेको मूर्तिलाई हेरे । पूजाकोठाको बत्ती बलिरहेको थियो; र उनको गोडाको चाल पाएर अक्षता टिपिरहेको एउटा मुसा दगुर्दै कोठैको एउटा प्वालमा पस्यो । त्यसै उनी मग्न भएर एक छिन हात जोडेर उभिरहे । अनि आफ्नो छोराको कोठामा गए । कलेजमा पढ्थ्यो, त्यो छोरो । कोठामा किताबहरू यत्रतत्र छरिएका थिए । टेबुलमा बत्ती बलेकै थियो । भित्तामा तस्वीरहरू थिए– एक-दुई सिनेमाका नायिकाहरूका र ९७ सालका शहीदहरूका पनि । ऊ उत्तानो परेर सुतेको थियो । कमिश्नरले धेरै बेरसम्म उसको मुख हेरिरहे । अनि बिस्तारै गएर उसलाई छोए । उसले चटपटाएर कोल्टे फेऱ्यो । कमिश्नरले ओढ्ने उसमाथि राम्ररी ओढाइदिए । र बाहिर आए । सुत्ने कोठामा उनकी दुलही बेखबर सुतिरहेकी थिइन्; तर उनलाई सुत्ने कहाँ टाइम थियो र ! बिहान भैसकेको थियो । सधैंको जस्तो बागमती र पशुपति जाने बखत भैसकेको थियो ।

सुन्दरीजल बन्दीगृह,
६ र ७ फेब्रुअरी, १९६४
२३ र २४ माघ, २०२०

# श्वेतभैरवी

धेरै दिनपहिलेको कुरा हो; प्राय: पैंतीस वर्षअगाडिको । दश-एघार वर्षको हुँदो हुँ ।

वर्षा ऋतु सिद्धिएर शरद्को प्रथम चरण पृथ्वीमा परेको थियो । कोशी आफ्नो रौद्र नर्तनले विध्वंसकारी प्लावनतामा जति क्षेत्र र आरण्य, ग्राम, गृह, मनुष्य र पशुहरूलाई त्यस वर्षका लागि ग्रस्नु थियो, ग्रसेर पुन: आफ्नो सीमित परिधिमा प्रवेश गर्न लागेको थियो; तर अझै त्यस नदीको उत्पातका चिह्न ठाउँ-ठाउँमा जमेको जलराशि, दह, पैनी, हिलो र दलदल चारैतिर देखा पर्थे, मानौं ताण्डव त थामियो तर त्यसको थर्कन अझै वायुमण्डलमा काँपिरहेको थियो । पृथ्वी प्रसववेदनाबाट ब्यूँझिएकी जस्ती थिई, त्यस्तै चिसी र कातर । नदीको किनारामा काँसको टल्किने मुकुट हावामा हल्लिरहेको थियो । फाटफुट रङ्गीबिरङ्गी पुतली हावामा रङ्गले उत्पातसँग पोतेको हल्का डुङ्गाजस्तो यताउति बगिरहेका थिए । वायुमा चिसोपन प्रवेश गरिरहेको अनुभव शरीरलाई हुन्थ्यो । वायु मधुरो वेगले बग्थ्यो, जसले त्यसै मनुष्यलाई फूर्ति आउँथ्यो । धानका खेत कहीं पहेंलिन पनि थालेका थिए । जीवन निर्धक्क, निश्शङ्क थियो ।

हाम्रो घर-बारीको दक्खिन-पूर्वको कुनामा लेलहाको सानो घर थियो । त्यसलाई घर के भन्ने, सानो छाप्रो थियो । लेलहा केवट जतिको सानो किसान, आफ्नी एउटी छोरीका साथ त्यहाँ बस्थ्यो । हाम्रो गाउँको पूर्वपट्टिको कोशीको एउटा धारबाट फाटेर आएको एउटा सानो भङ्गालो ठिक्क लेलहाको घरनिरबाट

अलिक पूर्वपट्टि बाङ्गिन्थ्यो र केही तल दक्षिणपट्टि एउटा पैनीमा मिस्सिएर पुनः कोशीको मूलधारमा प्रवेश गर्थ्यो । यो भङ्गालो अहिले कस्तो शान्त र ग्रामीणहरूका लागि उसले आफूलाई कति उपयोगी साबित गरेको देखिन्थ्यो । लुगा धुनु, नुहाउनु र भाँडा मल्नुलगायत साना-ठूला पानीका काम हाम्रा गाउँलेले यसैबाट चलाउँछन् । तर वर्षायाममा यसको रौद्रता देख्नलायक हुन्छ । यो अहिलेको शान्त ग्रामीण वधूझैँ कार्यरत अचपल नदी-रेखा वर्षामा उन्मत्तभैरवी भएर उठ्थी । त्यस समय सबभन्दा ठूलो खतरा लेलहाको घरलाई हुन्थ्यो किनभने त्यसको घर ठीक भङ्गालोको पश्चिम किनारमा थियो । कोशीमा बाढी आउनेबित्तिकै यहाँको पानी धमिलिएर अशान्त हुन थाल्थ्यो; र लेलहाको घरलाई छुँला-छुँलाजस्तो गरेर हा...हा... गर्दै दक्षिणपट्टि सवेग बग्न थाल्थ्यो । लेलहाको घरैनिर त्यो धार बाङ्गिएको हुनाले नदीको तीव्र प्रवाह त्यहाँनिर वक्रखड्गको धारजस्तो तेजिलो देखिन्थ्यो । त्यहाँ केही कुरा पुग्यो कि खण्ड-खण्ड भएर काटिएलाजस्तो लाग्थ्यो । त्यो धारको नजिकै वर्षाको तीन महिना जति लेलहा र उसकी छोरी फगुनी खेपेर बस्थे । आज त्यो धार शान्त छ । लज्जाशील ग्रामबालिकाजस्ती सोझी, स्निग्ध, स्वच्छ, मनोहर ।

लेलहाकी छोरी फगुनी सोह्र वर्षकी हुँदी हो । तर यतिका दिनपछि स्मृतिको कुरा लेख्न बस्दा सबभन्दा अनावश्यक वस्तु फगुनीको उमेरको चर्चा लाग्छ । शायद सोह्र वर्ष मेरो कल्पनाको उमेर होस् जसलाई मैले आज पैंतीस वर्षपछि फगुनीलाई दिएको छु । तर यो कुरा त निश्चित थियो कि फगुनी अब नितान्त बालिका थिइन । पैंतीस वर्षपहिलेको स्मृतिको स्वर्णग्रामको निर्दोष वातावरणमा पनि निर्बाध ग्रामबालिकामा उमेर चढ्छ र यसको परिणामबाट त्यो बाँच्न पनि सक्तिन । फगुनी बालिका थिइन; न त त्यो परिपक्व युवती । आजकाल र त्यो पनि शहरी वातावरणमा जुन उमेरमा युवतीहरूले परिपक्वता प्राप्त गर्छन्, त्यस समयमा हाम्रो गाउँका रमणीहरूलाई त्यहाँ पुग्न अझै पाँच-छ वर्ष लाग्थ्यो । यस हिसाबले मैले फगुनीलाई सोह्र वर्षको उमेर दिएको ।

फगुनीमा एउटा विशेषता थियो । त्यो असाधारण ढङ्गबाट गोरी थी । गाउँका काला, ताम्र र हामीजस्तो गहुँगोरो वर्ण भएका मानिसहरूमध्ये फगुनीको गोरोपन असाधारणजस्तो थियो । त्यसका आँखा खैरा थिए, साना-साना र कपालले स्वर्णिम आभा लिएको थियो । यदि शृङ्गारप्रसाधनद्वारा आफूलाई सजाउन सक्ने भएकी भए वर्ण, केश र आँखाले त्यो दक्षिण यूरोपकी नारीजस्ती लाग्ने थिई । तर शृङ्गारको साधन उसलाई कहाँ उपलब्ध थियो र ? उसको केश अत्यन्त रूखो, जोगीको जटाजस्तो पहेंलो भएको थियो । गोराइमा पनि आकर्षणहीन सेतोपन थियो । गाउँका अरू आइमाईभन्दा सेख अली गोल-गोल अवयव– फगुनीमा ग्रामीण आकर्षण थिएन । त्यसको स्वभावमा पनि अनौठोपन थियो जो गाउँका युवतीहरूमा पाइँदैनथ्यो । त्यो अनोठो ढङ्गले अचञ्चल थिई । त्यस उमेरमा जब

कि उसका दौंतरीहरू घाँस काट्न जाँदा, पानी भर्न जाँदा, खेतमा काम गर्दा, साना-साना निउँमा खिल्ल हाँस्छन्, त्यो भने गम्भीर रहन्थी । उसका साथी-सँगी पनि थिएनन् । मातृविहीना फगुनी बाबुको स्याहारमा हुर्केकी थिई; उसका भाइ-बैनी कोही थिएनन् जसले उसको बाल्यावस्थाको एकान्ततालाई खलबल्याउन सक्थे । एक त बाबु र छोरीको एकान्त सम्बन्ध नै अस्वाभाविक; त्यसमा लेलहाजस्तो बाबु जो स्वयं पनि एकलकाँटे थियो । फगुनी नदीको किनारमा हुर्की, एक्ली । लेलहाको छाप्रोअर्गाडि एउटा आँपको हुर्किन नसकेको रूख थियो, गाँठैगाँठा परेको । यदाकदा त्यसमा मञ्जरी लाग्थे, साना-साना आँपका टिकोरा पनि फल्थे तर फल कहिल्यै पनि बढ्न पाउँदैनथे । टिकोरा अवस्थामा नै सुकेर झर्थे । फगुनीले त्यहीमुनि आफ्नो बाल्यावस्था बिताएकी थिई । दिनभरि बाबु खेतमा काम गर्न गएको बेलामा एक्लै घर कुर्दै त्यही रूखको मुनि माटोमा खेल्दी हो र बीच-बीचमा नदीमा गएर नुहाउँदी पनि हो । त्यसको स्वभाव-रचनामा कोशी नदीको त्यो भङ्गालो: त्यो आँपको रूख र पिता लेलहाको प्रभाव पर्‍यो होला ।

म केवल एक दिनको एउटा घटनाको वर्णन गर्न बसेको छु । एउटा सम्पूर्ण दिन पनि होइन– केवल अपराह्नको एउटा शान्त घडीमा निरभ्र आकाशमा हठात् कड्केको बिजुलीझैं एउटा आइपरेको आकस्मिक घटना : घटनाको वर्णनमा पूर्वकालीन एस्पेलसका ग्रीक नाटकहरूका दुई सङ्ख्यक पात्रहरूजस्ता फगुनीको नाटचमञ्चमा प्रवेश जरुरी छ; अर्को पात्र त स्वयं म नै हुँ । घटना पनि सानो छ र, छोटकरीमा नै सुनाउनु पनि छ मलाई ।

फगुनी हाम्रो घरमा काम गर्थी । एउटा ठूलो परिवार भएकोले हाम्रो घरका सानातिना काम गर्दागर्दै पनि फगुनीलाई दिनभरि लाग्थ्यो । कोठाहरूमा कूचो लाउनु, लिप्नु, पानी भर्नु र यसप्रकारका साना-साना गृहस्थीमा परी परी आउने काम गर्नु ।

जस्तोसुकै ठूलो घर भए पनि– केटाकेटीहरूको कोलाहल, आमा, सानीमा, फुपूहरूको कहिल्यै पनि नसिद्धिने कुरा-कहानी, बैठकमा बसेर तास खेल्ने या पासा खेल्ने वयस्कहरूको हाँसो र विनोद, जाँगरिलाहरूको अह्राइपराइ, नोकर-चाकरहरूको बाजाबाज– अपराह्नमा त्यस्तो एउटा सानो घडी आउँछ जब अचानक परिवारका परिचित शब्द र ध्वनिहरू शान्त हुन्छन् । परिवार मात्रै किन ? सम्पूर्ण गाउँमा हठात् एउटा शब्दहीनताको बाक्लो पर्दा पर्छ । चराचर मौन भएर थामिन्छ । पन्छीहरू पनि आफ्ना-आफ्ना गुँडमा निःशब्द भएर पर्खिएका जस्ता हुन्छन् । नीरवताको सर्वव्यापी साम्राज्य एक छिनका लागि विश्वमा स्थापित हुन्छ; त्यस्तो नीरवता जसमा चेतना झन् तीव्र भएर सजग हुन्छ केही घटनाको आशा र आशङ्कामा पर्खेर बसेको जस्तो । त्यस विश्वव्यापी नीरवतामा कुनै सानो शब्द पनि ठूलो विस्फोटका साथ गर्जिन्छ, र आशङ्कित आकुलताले मुटु ढुकढुक गर्न थाल्छ । के हुन आँट्यो ?

म कोठामा एक्लै एउटा सानो सुकुलमा पल्टिरहेको थिएँ । कुन बेला म त्यहाँ आएर पल्टें; कुन बेला आमाहरूको गुनगुन शब्द कोठा-कोठामा थामियो; बैठकको खेल कहिले रोकिएछ, मैले थाहा पाइनँ । एकैचोटि के थाहा पाउँछु भने म एक्लो कोठामा छु– वातावरणको निस्तब्धता प्रचण्ड छ । साथी-सहपाठीहरू कोशीको चिसो बालुवामा खेल्न र पानीमा पौडिन गए होलान्; मलाई उनीहरूले बिर्सेछन् । म पनि कसरी उनीहरूबाट छुट्टिएछु । मेरो प्रिय साथी मिट्ठुले त बोलाउनुपर्ने ? मनमा कुनै विचार पनि दृढतासँग जम्न पाउँदैनथ्यो; गहिरो नीरवताको सतहमा कागजका टुक्राका डुङ्गाजस्ता आउँथे, बग्थे । केवल अनुभव हुन्थ्यो प्रचण्ड निस्तब्धताको– त्यस्तो गाढा निस्तब्धता जसलाई मानौं म लेटी-लेटी हात उठाएर छुन सक्छु । यस्तै निस्तब्धताको घडीमा मौका छोपेर भूत-प्रेत, र अनेकानेक अशरीरी जीवहरू प्रकट हुन्छन् । अशरीरी जीवहरूको कुरा मनमा एक छिनका लागि आयो– सान्नानीले भनेको बोक्सीको कुरा पनि झल्याँस्स सम्झें र श्मशानमा हाड चबाउने कालो थुतुनो भएको बोक्सीको कुकुर मनमा आयो । किचकन्याहरूको पल्टेको गोडा र छातीमा उम्रेको सिङ पनि नीरवताको बाक्लो पर्दामा छायाजस्तो मैले देखें । तर डर भने मलाई लागेन । एकान्तता यति गम्भीर थियो कि भय र अभयको भावना केवल सतहमा बग्ने तृणजस्तो हलुको लाग्थ्यो । कहीं केही शब्द छैन– ध्वनिहीन चराचर– एउटा रहस्यमय भएको थियो कि करक्क ढोका उघ्रयो । हुन त ढोका बिस्तारै घ्रचेट्टिएर उघ्रेको थियो, तर जुन त्यो नीरव वातावरणको रहस्यमय लोकमा शब्द-शरीरविहीन जीवहरूको हलचल चलिरहेको थियो त्यसमा ढोकाको सानो शब्द तोप पड्केको जस्तो मेरो कानमा गर्ज्यो । म झसङ्ग भएँ– मुटु ढुकढुक भयो । के हुन आँटयो ?

मेरो आशङ्का निरर्थक रहेछ किनभने कोठामा प्रवेश गरी सानो बाल्टिनमा गोबरमाटो ग्यालेको पानी र लुँडो लिएर फगुनी । भनी– सानोबाबू, म कोठा लिप्न आएकी । उठ । तबसम्म मेरो घबडाहट बिलाइसकेको थियो । म साधारण स्थितिमा आइसकेको थिएँ । अल्छी लागेर म पल्टिरहें । फगुनीले फेरि भनी– ल, ल, चाँडै उठन, बाबू ! मलाई अबेर हुन्छ ।

मैले फगुनीलाई हेरिमात्र रहें केवल आलस्यले ।

किन हेरिरहेको यसरी मलाई ?

मैले त्यसै भनें– आज नयाँ धोती लाएकी छौ नि ! साँच्ची नै त्यसले नैनकिलाटको सेतो धोती लाएकी थी । उसले भनी– आज नयाँ धोती लाउन मन लाग्यो । यसको माड पनि राम्ररी निख्र्या छैन । राम्ररी पिट्न पाइनँ । राम्रो छ हगि ?

छ ।

उसका खैरा आँखा चम्के । नीलो या कालो आँखामा जति अतलताको भान हुन्छ त्यति खैरो आँखामा हुँदैन, ठीक हो; तर विनोदताको टलक खैरो

आँखामा छिटै झल्किन्छ । त्यही टलक उसको आँखामा आज मैले देखें । जीवनमा पहिलो अवसर थियो मेरा लागि जब कसैको आँखापट्टि मेरो ध्यान गएको थियो र जसको दृष्टिको अनुभव मलाई हुन लागेको थियो । आँखा कस्तो खैरो हुन सक्छ र कति विनोदमय ! त्यस दिन फगुनीको दृष्टिले मलाई बोध गरायो ।

आजकी फगुनीको विनोदप्रियता पनि अनौठो थियो । जसका बारेमा विनोद, हाँसो र ठट्टाको कल्पना गर्न सकिंदैन । त्यसमा हठात् यो प्रवृत्ति देख्दा एकछिन मानवचरित्रको रहस्यका प्रति आश्चर्य लाग्छ । फगुनीलाई आज के भएको छ; एकदम वाचाल भएर उठेकी छ । भन्छे– एक्लै के बसेको बाबू ! साथीहरूसँग खेल्न नगएर । र ठट्टा गरेर फेरि भन्छे– एक्लै मन लाग्छ बस्न दुलही नभएर ?

विवाह, दुलही, प्रेम यस्ता सम्बन्ध हुन् जसबारे त्यस उमेरमा मलाई त्यसै लाज लाग्थ्यो । यी शब्दहरूले कुन मार्मिक सम्बन्धलाई लक्ष्य गर्छन् त्यो म राम्ररी बुझ्न सक्दिनथें तर यति कुरा त बुझेको थिएँ, यिनले कुनै गोपनीय सम्बन्धलाई लक्ष्य गर्छन् जसमाथि सदासर्वदा लज्जाको आवरण परेको हुन्छ । यो त्यस्तो बर्जित लोक हो जसमा केवल निर्लज्जतासँग हामीभन्दा बूढापाकाहरू मात्र प्रवेश गर्छन् । मेरो कान लाजले तातो भयो । मैले भनें– धत् !

फगुनीले निश्चय नै मेरो विव्रत अवस्था– सङ्टावस्थालाई बुझिहोली । ऊ मरी मरी हाँस्न थाली । मेरा कान झन् राता हुँदै गए, उसको हाँसो उतिउति बढ्दै गयो । जतिसुकै मलाई लाजले थिचे तापनि फगुनीको निर्मम हाँसोले मेरो गर्वाहत गऱ्यो । मैले पौरुष झिकेर सोधें– तिम्रो दुलाहा खोइ नि ?

उसको हाँसो त थामियो, तर एउटा विचित्र आकृति गरेर ऊ मुस्कुराई ।

भनी– तिमी ।

मैले फेरि भनें– धत् !

उसको आँखाको रङ्ग देख्दादेख्दै बदलिएको जस्तो लाग्यो । अलिक काला भए त्यसका आँखा । पालुवा हाल्नुभन्दा पहिले पतझडमा खैरिंदै गएको वृक्षसमूहमाथि बादलको छाया परेको जस्तो धमिलो । त्यतिमात्र परिवर्तन त्यसको आँखामा आयो । तर मलाई लाग्यो– कुनै एउटा ठूलो कुराको वेगलाई उसको शरीरले सह्माल्न थालेको छ । ऊ काँप्याजस्तो गर्थी ।

मैले भनें– धत् ! तिम्रो दुलाहा छ, मलाई थाहा छ । हँ फगुनी, दुलाहासँग किन बस्दिनौं तिमी ?

मेरो चुमौन (चुम्बन) मात्र भएको छ । गौना भएको छैन ।

चुमौन के ?

चुम्बन ! युगल-ओष्ठद्वयको सङ्गम-तीर्थ ! दुई हृदयको आफ्नो-आफ्नो शरीर सीमामा आएर चिह्ना-परिचय । नौ-दश वर्षको बालक चुम्बनको माहात्म्य

के जान्दथ्यो र ! उसलाई यति मात्र अस्पष्ट रूपबाट थाहा थियो कि विवाह, पति, पत्नी र प्रेमसँग सम्बन्ध राख्ने वस्तु हो चुम्बन; र ती कुराहरू जस्तै गोपनीय र लज्जायुक्त ।

उसले भनी– सानै केटाकेटीमै हाम्रो चुमौन हुन्छ, वर र केटीको रगत-रगत जोर्छन्– दुवैको कान्छीऔंलामा सानो घाउ पारेर दुइटैको औंलालाई आपसमा दलिदिन्छन् । पछि ठूलो भएर दुलहाले गौना गरेर केटीलाई लैजान्छ ।

मैले पल्टी-पल्टी सोधें– तिम्रो दुलहाले तिमीलाई लिन किन आएन ? ऊ एक चोटि काँप्याजस्तो गरी र व्यग्र भएर भनी– ल, ल, उठ चाँडै, मलाई कोठा लिप्नु छ ।

भनिहालें नि ! हाँसेर भनी– तिमी मेरो दुलहा ।

अनि हठात् अठोर मूर्तिवत् भई । उसको हाँसो एकदम बिलायो ।

यद्यपि शब्दले मलाई हतार गराउने चेष्टा त गर्थी तर कामले भने तरखर थिएन उसमा । केवल एउटा विचित्र दृष्टिपात गरिरही मउपर । उसमा विनोदको उल्लास अब थिएन र मलाई दुलहा भनेर जिस्क्याउँदा उसका आँखा टल्किंदैनथे– केवल कालो बादलको छाया त्यसमा पर्थ्यो । शरीर र दृष्टिमा आमोदको सट्टा एउटा काठोरता आएको जस्तो मलाई लाग्यो । कोशीमा बाढीको पहिलो हूल आउँदा नदीमा जुन एक प्रकारको तनाव देखिन्थ्यो त्यस्तै तनाव उसको दृष्टि र शरीरमा आयो । कोशीको त्यस कठोर तनावले हाम्रो इलाकामा एउटा आशङ्काको लहर फैलिन्थ्यो । सानो आशङ्काको लहर मेरो शरीरमा पनि फैलियो । मैले 'धत् !' भनें । र उठेर बसें; र फेरि त्यसै भनें– धत् !

उसको शरीर झन् कठोर भयो; उसको दृष्टि झन् कालिमामय । उसको वाणीमा अनायास शुष्कता आयो । धोद्रो बोलीमा उसले सोधी– यहाँ अरू त कोही छैन ? तल नि ? हठात् जुरुक्क उठेर ऊ कोठा-कोठा हेर्न थाली । शिरबाट झरेको आँचललाई बडो दृढतासँग कम्मरमा बाँधी; उसको रूक्ष केश काँधमा खस्यो । उसको व्यग्रताले यताउति गरेको भयोत्पादक थियो । आँखा काला निभेका कोइलाजस्ता भए जसबाट चमक एकदम लुप्त थियो । तल हेरेर फेरि मेरो कोठामा फर्किएर आउँदा उसको अनुहारको गोरोपन कुन्नि कहाँ लुप्त भइसकेको थियो । त्यसको ठाउँमा बैगनी वर्ण पोतिएको थियो; आँखा दुइटा गहिरा जलशून्यजस्ता भासिएका थिए । दम फुलेर त्यो स्वाँ...स्वाँ गरिरहेकी थिई । धोती त उसको सफा थियो तर उसले लाएको चोलो तेल, पसीना, धूलो र गृहस्थीका सानातिना कामले मैलोधैलो भइसकेको थियो । धोतीको फुर्कोलाई उसले कम्मरमा कसेर बेरेकी थिई । छातीमा भयङ्कर रौद्रताले कालो चोलोबाट उसको यौवनचिह्न हरिणीको टाउकोमा उम्रेको सिङजस्तो कठोर र तीक्ष्ण भए । कोशीको बिरानो बालुवाका तटमा हठात् उठ्ने हावाको भुँवरीजस्तो हुरिंदै त्यो मनिर आई । 'तिमी मेरो दुलहा !' त्यही हावाको भुँवरीजस्तै तातो निःश्वास;

त्यही बिरानो ठाउँको कुनै अतृप्त अशरीरी जीवको हृदयलाई कम्पाउने किसिमको उच्छ्वास ।

म भयले चिच्च्याएर उठें र कोठामा यताउति भाग्न थालें । मेरो भय अतर्क्य थियो, बुद्धिप्रेरित थिएन, अस्तित्वको मध्यबाट चिरिँदै उम्लिएर उठेको भय । मानव अहिलेसम्म पनि असहाय नै छ बालक; प्रकृतिको बीचबीचमा उघ्रिएको विराट् रूपको दर्शनले अत्याहटमा आएर भयग्रस्त । प्रकृतिको कुनै पनि नग्न रूप, जुन रूपसँग मानव अभ्यस्त भैसकेको हुँदैन ।

त्यस दिन फगुनी फगुनी थिइन– त्यो कोशी नदीको त्यस्तो भङ्गालो भएकी थिई जो बाढीमा प्रलयको वेग लिएर उर्लिन्छ । र उग्र, भयङ्कर प्रलयङ्कारी हुन्छ, जब त्यसले मानिसका प्रति उन्मत्त भएर सबैलाई निल्दै हिंड्छ– हाहाकार मच्चाउँदै । त्यस्तै श्वेतभैरवी जाग्रत भएकी फगुनीको जटा हावामा फैलिएको, आँखा निभेको आगो, चरणमा ताण्डवको शक्ति; कालो-नीलो थियो, वक्षमा शृङ्गाङ्कुर; खुलेको मुखको गुफाबाट तप्त उच्छ्वासको बाफ । श्वेतभैरवी फगुनी । म भागिरहेको थिएँ, कातरभीत बालक । उन्मत्त यौनको अँध्यारो भीरबाट तर्सेर श्वेतभैरवी मेरो खेदो गरिरहेकी थिई । लाग्यो, भागिरहेका मेरा गोडा भासिइरहेछन् र भीरमाथिको गर्त मलाई निल्न झन्-झन् ठूलो मुख बाउँदै आइरहेछ– कोशीको असंयमित बाढीजस्तै । उसको हात गोबर र हिलोले कुहिनासम्म मुछिएका छन् र त्यसलाई बार-बार माथि उठाउँथी ऊ, खड्गबाहु कालीजस्ती । कहिले हो कुन्नि भुईंमा राखेको बाल्टिन उसको गोडाले ढलेछ; बाल्टिनबाट निस्केको काँटीले उसको गोडा चिरेछ । रगत र हिलो मिस्सिएको गोडाको डाम भुइँभरि थियो । उसको नयाँ धोती पनि काँटीले च्यातेछ । तर ऊ सुद्धि हराएजस्ती भएर मलाई खेदिरहेकी थिई । म भागिरहेको थिएँ ।

हे ईश्वर ! मलाई बचाऊ; बचाऊ श्वेतभैरवीको दानवी नङ्ग्राबाट । म भुट्टिन्छु उसको उन्मत्त उच्छ्वासको भट्टीमा, म उनिन्छु उसको छातीको सिङमा– बचाऊ मलाई ! मेरो बालकहृदय दन्त्यकथाका भूत-प्रेत र दानव, किचकन्या, श्मशानवासी वायुहरूको कल्पनाले भयभीत भएर उठ्यो । म संज्ञाहीन हुँलाजस्तो भएँ । आँखा चिम्लेर त्राणको अन्तिम मार्ग समातेर माथिबाट हामफालें ।

तल बारीलाई घेर्न भनेर बाँसहरू थुपारेर राखेको थियो । त्यहींनिर म खस्न पुगें । एउटा तीखो बाँसको टुप्पोले मेरो दाहिने घुँडाको ठिक्क तल गहिरो घाउ पारेर चिऱ्यो । रगतको भल बग्न थाल्यो ।

जुन अकस्मात् ढङ्गबाट यो तूफान रचिन गएको थियो त्यस्तै अकस्मात् ढङ्गबाट त्यो शान्त पनि भयो । कोशी नदी मानौं पुन: आफ्नो स्थानमा फर्केर आइन् र मन्द गतिले बग्न थालिन् । मानौं वर्षाको प्रलयसँग उसको वास्ता थिएन । फगुनी मनिर आएर उभिई । शान्त, अनुद्विग्न, शीतल हास्यका साथ श्वेतवर्ण ग्राम-तरुणी फगुनीले मलाई सोधी– सानोबाबू, धेरै चोट लाग्यो कि ?

उसका खैरा आँखाले आफ्नो स्वभाव पुनः प्राप्त गरिसकेका थिए; शरीरले आफ्नो प्राकृतिक वर्ण; त्यसमा अब तनाव थिएन; सिङको स्थानमा तरुणीको शोभामय उभार मात्र थियो जो मैलो चोलो र आँचलले छोपिएको थियो । हात र गोडामा हिलो अझै लागेको थियो तर त्यो गृहकार्यनिमग्ना नारीको स्वाभाविक लक्षण थियो । लेलहाकी दुहिता, चुमौन भैसकेकी तर द्विरागमनका लागि पतिको प्रतीक्षा गर्दै बसेकी हाम्री नोकर्नी– फगुनी ।

तर जे होस्; एउटा ठूलो हुरी त बग्यो केही छिनपहिले । हामी दुवैलाई अज्ञात रूपबाट वृक्षलाई हल्लाएको झैं गरेर उत्ताउने गरेर सेलाएर गयो । के त्यो बिर्सिने कुरा थियो ? जुन तूफान र आँधी-बेहरीको एकान्त अनुभव केवल हामी दुवैलाई मात्र भयो । शरद्‌को त्यो अपराह्नमा, के त्यसले हामीलाई निर्दोष रहन दिन्छ ? के त्यसले एउटा रहस्यमय सम्बन्धमा एउटा गोपनीयताभित्र हामीलाई बाँधेर गएन ? यो भर्खरैको अनुभव हाम्रो आफ्नो निजी कोष हो, त्यसमा अरू कसैलाई साझेदार गराउन उचित हुने छैन । अरूले यो कुरा थाहा पाए भने– मेरो बालक मनमा लाज होला भन्ने कुरा मात्र आइरह्यो । कसैले थाहा पाए भने लाज होला । किन लाज होला, यसको विवेचना गर्ने बुद्धि ममा पलाइसकेको थिएन । लाज़ होला, कसैले थाहा नपाऊन् भनेर मैले भनें– मलाई ठीक छ, फगुनी ! तिमी जाऊ ।

फगुनीले त धेरै कुरा बुझिहोली । लाजको स्पष्ट कारण मैले बुझ्न नसकेको पनि उसको लागि दुर्बोध थिएन । यसो मलाई आखिरीचोटि हेरेर माथि कोठामा लिप्न भनेर गई ।

एकछिनपछि मिट्ठुले मलाई त्यस अवस्थामा पाए । मेरो घाउ धोइयो । पानीपट्टी बाँधियो । घाउ निको हुन धेरै दिन लाग्यो । चोट लागेको दिन घरमा काफी हल्लीखल्ली मच्चियो ! तर कसैले पनि फगुनीमाथि श्वेतभैरवी चढेको कुरा थाहा पाएनन् । केही दिनपछि घाउ भरियो ।

एक दिन म लेलहाको घरनिर कोशीको त्यो भङ्गालोलाई तरिरहेको थिएँ । त्यसमा घुँडासम्म मात्र पानी थियो । निर्मल पानी । धोती घुँडामाथि सारेर पानीमा रमाइलो मान्दै गोडा चालिरहेको थिएँ । घाउ भरिइसकेको थियो र रातो खाटो टाढैबाट टल्किन्थ्यो । फगुनी आफ्नो आङ्नाअगाडिको आँपको रूखमुनि उभिएर टाढैदेखि मलाई आएको हेरिरहेकी थिई । नदी तरेर ऊनिर आएपछि उसले भनी– चुमौन भनेको तिमीले अब राम्ररी बुझ्यौ होला । रगत-रगतको मेल । त्यस दिन तिम्रो रगत र मेरो रगत बाँसको थुप्रोमाथि मिस्सिएको थियो ।

मैले हाँसेर भनें– गौनाका लागि धेरै दिन पर्खनुपर्छ, होइन ?

उसले भनी– चुमौन मुख्य कुरा हो– तर जे होस्, मैले यस्तो किसिमबाट डामेर छाडेकी छु कि आजीवन त्यो दाग तिमी आफ्नो जीउमा धारण गरेर हिंडिरहनेछौं । मैले पनि त्यस पागल क्षणको चिह्न शरीरमा लिराखेकी छु ।

नभन्दै उसको गोडाको घाउ अझै राम्ररी निको भएको रहेनछ ।

आज धेरै दिनपछि पैंतीस वर्षपछि, घुँडाको खाटोलाई हेर्दा फगुनीको सम्झना हुन्छ । कहाँ छ त्यो ? बाँचेकी नै छ ? गौना कहिले भयो होला उसको ? जब उसको पति उसलाई लिन त्यो गाउँमा आयो होला । उसको पतिले श्वेतभैरवीको दर्शन पायो होला कि पाएन होला ?

कोशीको त्यो भङ्गालो, त्यो हुर्किन नसकेको आँपको रूख, र लेलहा *केवटको के हाल छ आजकाल ?*

सुन्दरीजल बन्दीगृह
१० चैत्र, २०१८
२३ फेब्रुअरी, १९६२

# बी. पी. कोइरालाका साहित्यिक कृतिहरू

### उपन्यास

*(१) तीन घुम्ती*

*(२) सुम्निमा*

*(३) नरेन्द्रदाइ*

*(४) मोदिआइन*

*(५) हिटलर र यहूदी*

*(६) बाबु, आमा र छोरा*

### कथा

*(१) दोषी चश्मा*

*(२) श्वेतभैरवी*

### जीवनी

*आफ्नो कथा*

9789993326601

**मुद्रक :** साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६